जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३४१ • २०८३ साल बैशाख २७ गते आइतबार (10 May, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेशमा जनावरको आक्रमणबाट सयौँ प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सहित देशभर पछिल्ला वर्षहरूमा मानव-वन्यजन्तुको द्वन्द्व तीव्र रुपमा बढ्दै गएको छ। वन विनाश, चुरे क्षेत्रमा मानव बस्ती विस्तार तथा वन्यजन्तुको प्राकृतिक बासस्थान खुम्चिँदै जाँदा जंगली जनावर गाउँबस्तीमा पस्न थालेपछि जनधनको क्षति तीव्र रुपमा बढ्दै गएको छ।

हालै मिथिला नगरपालिका-७ मा पर्ने केमलीपुरमा करिब तीन महिनादेखि विभिन्न स्थानमा देखापर्दै आएको चितुवा उद्धार गरिएको छ। निलगाई रोक्न लगाइएको तारजालीमा फसेको चितुवा हेर्न गएका ४८ वर्षीय कीर्तिमान विक चितुवाको आक्रमणबाट घाइते भएका थिए।

मिथिला वाइल्ड लाइफ ट्रस्टले जनाए अनुसार उक्त क्षेत्रमा सन् २०१७ देखि चितुवाको उपस्थिति क्यामेरा ट्र्यापमार्फत रेकर्ड हुँदै आएको थियो।

धनुषा अवस्थित चुरे क्षेत्रमा सन् २०१७ मा पहिलो पटक क्यामेरा ट्रैपमा एउटा चितुवा रेकर्ड भएको थियो। त्यसपछि सन् २०१९, २०२१, २०२३ मा पनि सो क्षेत्रमा एउटा चितुवा देखा परेको थियो। हाल आएर एउटा चितुवा सोही क्षेत्रमा करिब ३ महिना देखि फरक फरक मितिमा वरिपरिको गाउँमा निरन्तर रुपमा बाख्राको शिकार गर्न थालेको छ।

पछिल्ला महिनामा चितुवाले गाउँ आसपास बाख्रा मार्न थालेपछि स्थानीय त्रसित बनेका थिए।

त्यस्तै सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिका-६ मा जंगली हात्तीको आक्रमणबाट ६६ वर्षीय यज्ञश्वर निरौलाको मृत्यु भएको थियो। आफ्नै मकैबारी कुरेर बसेका बेला हात्तीले आक्रमण गर्दा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

त्यसैगरी सर्लाहीको लालबन्दी नगरपालिका-१५ स्थित झरझरा पिङखोल्सीमा बँदेलको आक्रमणबाट ३२ वर्षीय प्रेमबहादुर थिङको ज्यान गएको छ। मकैबारीमा आएको बँदेल धपाउने क्रममा आक्रमण हुँदा घाइते भएका थिङको उपचारका लागि लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो।

नेपाल प्रहरीको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८२/)८३ को चैत मसान्तसम्म मधेश प्रदेशमा जनावरको आक्रमणबाट १३१ जना घाइते भएका छन् भने ७ जनाले ज्यान गुमाएका छन्। देशभर भने ४९७ वटा घटनामा ५५ जनाको मृत्यु र ४४१ जना घाइते भएका छन्।

नेपाल प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०७७/०७८ मा २७८ वटा रहेको जनावर आक्रमणको घटना बढ्दै २०८१/८२ मा ६३२ पुगेको छ।

### कांग्रेसको भन्दा फरक लाइनमा मधेश मुख्यमन्त्री

## प्रधानन्यायाधीशमा क्रम भंग प्रमको प्रशंसनीय निर्णय :मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम ।सर्वोच्च अदालतको प्रधानन्यायाधीश सिफारिसमा सरकारले अपनाएको प्रक्रियाको नेपाली कांग्रेसले आलोचना गरिरहेको बेला मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा यादवले प्रधानमन्त्रीको बचाउ गरेका छन्।

कानुन दिवसको अवसरमा शनिवार आयोजित न्यायिक महोत्सवको उद्घाटन समारोहमा मुख्यमन्त्री यादवले प्रधानमन्त्री बालेन्द्र शाह(बालेन)ले वरिष्ठताको क्रम भंगगरी योग्यताको आधारमा प्रधानन्यायाधीशको सिफारिस गर्नु राम्रो भएको बताए।

मुख्यमन्त्री यादवले प्रधानमन्त्री बालेनको प्रशंसा गर्दै भने, सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदमा प्रधानमन्त्री बालेनले क्रमभन्दा माथि उठेर सक्षमतालाई ध्यानमा राख्दै प्रधानन्यायाधीश सिफारिस गरेका छन्।

नेपाली कांग्रेसले प्रधानन्यायाधीश सिफारिस प्रकरणमा सरकारको कडा आलोचना गर्दै आएको छ ।न्याय परिषद्मा विपक्षी दलको हैसियतमा सदस्य रहेका कांग्रेस संसदीय दलका नेता भीष्मराज आगदम्बेले ७ बुंदे नोट अफ डिसेन्ट लेखेर असन्तुष्टि जनाएका छन्।



नेपाली कांग्रेसले संस्थागत रुपमा पनि सर्वोच्चमा वरिष्ठताको क्रम भंग गरिएको विषयलाई विरोध गरेको बेला सो पार्टीका मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका मुख्यमन्त्री यादवले प्रधानमन्त्रीको प्रशंसा गरेका छन्।

'वर्षौंदेखि चलिआएको प्रथालाई तोड्दै प्रधानमन्त्री बालेनले गरेको सिफारिसले देशका लागि नयाँ आयाम थप्ने छ ' उनले भने ,प्रधानमन्त्री बालेनको निर्णय देशको लागि सौभाग्यपूर्ण साबित हुने छ।

मुख्यमन्त्री यादवले न्यायालयमा कार्यपालिका हाबी नहुनु पर्नेमा जोड दिए । 'कानुनको कार्यान्वयनको बीचमा राजनीतिक हस्तक्षेप हुनु हुँदैन्' मुख्यमन्त्री यादवले उच्च अदालत जनकपुर अन्तर्गत रहेका मधेश प्रदेशका आठवटै जिल्लाका इजलासहरुलाई निष्पक्ष रुपमा फैसला सुनाउन आग्रह गरे।

मुख्यमन्त्री यादवले कांग्रेसको भन्दा फरक लाइनमा देखिएका छन् ।उनलाई भेंटनेहरुसितको संवादमा समेत प्रधानमन्त्री बालेनको नीति र कार्यक्रमलाई प्रशंसा गर्न थालेका छन् ।मुख्यमन्त्री यादव प्रधानमन्त्री साहको कार्यशैलीबाट निकै प्रभावित भएको उनका सहयोगीहरुले बताउने गरेका छन्।

'अपराधीलाई कारबाही होस् र बेकसुरलाई सजाय नहोस्' मुख्यमन्त्री यादवले भने, न्याय सम्पादनमा निष्पक्षता, तटस्थतामा दृढ रहनु पर्छ।

मधेश प्रदेशमा यादव नेतृत्वको सरकार संकटमा परेको छ ।सत्ता गठबन्धनका एउटा प्रमुख घटक जनमत पार्टीले समर्थन फिर्ता लिइसकेको छ।

कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा समूहबाट मुख्यमन्त्री बनेका यादव वर्तमान सभापति गगन थापासित पनि निकटता बढाउने प्रयासमा लागेको बताइन्छ।

कांग्रेस संस्थापन पक्षका नेताहरुका अनुसार मुख्यमन्त्री यादव बालेन सरकारको प्रशंसामा केही समयदेखि लागेको बताउँदै पार्टी विरुद्धको गतिविधिमा संलग्न रहेको आरोप लगाएका छन् ।पछिल्लो समयमा यादव बालेन सरकारसित निकट्ता स्थापित गर्न चाहेको उनका निकटहरुले बताउन थालेका छन्।

उच्च अदालत जनकपुरधामको आयोजनामा भएको न्यायिक महोत्सवमा मधेश प्रदेशका आठवटै जिल्लाका न्यायाधीश, अदालतका कर्मचारीहरुको उपस्थितिमा जनकपुरधाममा न्यायिक महोत्सवको आयोजना गरिएको हो।

मधेश प्रदेशका आठवटा जिल्लाका १ हजार ५ सय भन्दा बढी अदालतमा काम गर्ने प्रत्यक्ष, अप्रत्यक्ष कर्मचारी, सर्वसाधारण, कानुन संकायका विद्यार्थीहरुको उपस्थिति रहेको आयोजकहरुले जनाएका छन्।

जनकपुरधाम उच्च अदालतको राजविराज र बीरगञ्ज अस्थायी इजलास, नेपाल वार एशोसिएशन जनकपुरको संयुक्त सहभागिता रहेको न्यायिक महोत्सव अत्यन्त उपलब्धिमूलक रहेको सहभागीहरुले जनाएका छन्।

उच्च अदालत जनकपुरधामका न्यायाधीश मुरारीबाबु श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको न्यायिक महोत्सवको उद्घाटन समारोहमा मधेश प्रदेशका प्रमुख डा.सुरेन्द्र लाभ लगायतको सहभागिता रहेको थियो।

## लाखौंको ट्राफिक लाइट थन्कियो, भ्रष्टाचार भएको आशंका

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा सवारी साधन व्यवस्थापन गर्न करीब तीन वर्ष अगाडि जडान गरिएको ट्राफिक लाइन बिग्रेर थन्किएको छ।

प्रविधिमैत्री ट्राफिक व्यवस्थापनको उद्देश्यले जडान गरिएको ती ट्राफिक लाइन अहिले 'शो पिस'को रुपमा रहेको छ। जडान गरिएको बत्ती एक वर्षसम्म थन्किएको अवस्थामा केही दिन मात्रै सञ्चालन भइ दुई वर्षदेखि बिग्रेर थन्किएको छ।




प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले आर्थिक वर्ष २०७९/०८० मा विनियोजन गरेको बजेटबाट मधेश प्रदेश प्रहरी कार्यालयद्वारा ट्राफिक कार्यालयको समन्वयमा जनकपुरधामका मुख्य चोकहरु मुरली चोक, भैरव चोक प्रदेश प्रहरी कार्यालय अगाडि, जनक चोक, शिव चोक, भानु चोक र रेल्वे स्टेशनमा जडान गरिएको थियो।

२०७९ सालमै जडान गरिएको करीब एक वर्षपछि ती लाईट २०८० भदौ महिनादेखि सञ्चालनमा ल्याइयो । जनकपुरधामको ६ ठाउँमा लगाइएको ती लाईट मध्ये मुरली चोक र भानु चोकको मात्र मुश्किलले एक महिना सञ्चालनमा ल्याइयो। भैरव चोक प्रदेश प्रहरी कार्यालय अगाडि, शिव चोक, रेलवे स्टेशन र राम चोक सहितका अन्य चार ठाउँको सञ्चालनमै आएनन् । भैरव चौकमा बाटो काट्ने चोक नभएअपनि त्यहाँ ट्राफिक लाइट जडान गरिएको छ।

ट्राफिक व्यवस्थापन भनिएको ती लाइन दिनभरिमा बिहान ९ बजेदेखि साढे ११ र बेलुका साढे ४ देखि ७ बजेसम्म मात्र ५ घण्टा सञ्चालन गरिएको थियो । प्रदेश सरकारले ट्राफिक लाइट जडानमा ९८ लाख रुपैयाँ खर्चेर जडान गरिएको लाइट एक महिना पनि सञ्चालनमा नआइ बिग्रेर थन्किदा भ्रष्टाचार भएको भन्ने आलोचना हुँदै आएको छ।

तत्कालीन ट्राफिक धनुषाका प्रमुख शेखर साहले लाइट जडान भएको सबै ठाउँमा जेब्रा क्रस र स्टपिङ बनाउन करिब २० लाख अझै लाग्न सक्ने र जनशक्तिको अभाव रहेको भनेर अन्य चार ठाउँको लाईट सञ्चालनमा ल्याएका थिएन । बिग्रेर थन्किएका सो ट्राफिक लाइट पुनः सञ्चालन र लाइट जडानमा भएको अनियमितता बारे छानबिन गर्न अहिलेसम्म कुनै पनि निकायले तत्परता देखाएको छैन।

झण्डै एक करोड रुपैयाँको लगानीमा जडान गरिएको ती लाइटमा भएको भ्रष्टाचार र अनियमितताको छानबिन गर्न पटक पटक माग गर्दै आए पनि सम्बन्धित गृह, सञ्चार तथा कानुन मन्त्रालय अहिलेसम्म तत्परता नदेखाउनुले ती निकायको पनि संलगनता हुनसक्ने चर्को आवाज सामाजिक सञ्जालमा उठ्दै आएको छ।

ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुखले बिग्रेका ती ट्राफिक लाइट मरम्मत सम्भार गराइ पुनः सञ्चालनमा ल्याउने बताएका छन्।

यता गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले तीन वर्ष पुरानो कुरा हो र म र मन्त्रालयमा भएका कर्मचारीहरु नयाँ हो, मेरो मन्त्रालयबाट यदि त्यो लाइट जडान भएको हो भने तत्काल त्यसको अवस्थाबारे जानकारी लिइने बताए।

उनले भने 'ती लाइट बारे अहिलेसम्म कसैले गुनासो गरेका थिएन । ९८ लाख रुपैया खर्चेर जडान गरिएको ती लाइट अहिलेसम्म थन्किनु गलत हो। यसबारे बुझेर मरम्मत सम्भार गराएर चाँडै नै सञ्चालनमा ल्याउनेछु । जहाँसम्म जडानमा अनियमितता भ्रष्टाचार भएको छ भने तत्काल त्यसको छानबिन गरी त्यसमा संलग्न मन्त्री, कर्मचारी वा प्रहरी जो सुकैहोस सबैलाई कानुनी कारबाहीको दायरामा ल्याउँछौं।

उनले थप्दै भने 'प्रदेशका राजधानी जनकपुरधामको ट्राफिक व्यवस्थापनका लागि सदैव तत्पर छु। जनकपुरधाम बिग्रेर थन्किएको ती ट्राफिक लाइट मात्रै होइन ढल्केवर देखि जनकपुरधामको सडक खण्डमा थप ट्राफिक लाइट जडानका लागि आउंदो आर्थिक वर्षको बजेटमा योजना राख्नेछु।'

यसैबीच केही दिनअघि बजारको फुटपाथ तथा सार्वजनिक जग्गा व्यवस्थापनको नाममा फुटपाथ तथा सार्वजनिक जग्गा अहिले गाडी पार्किङ्गको थलो बन्दै गएको छ। विशेषगरी जनकपुरधामको मुख्य बजार क्षेत्र गंगा सागर पोखरीको डिलमा लाग्दै आएको बजार खाली गराइयो। तर अहिले त्यो स्थल गाडी पार्किङ्ग बनेको छ।

ती जग्गा बाहेक धनुष सागर पोखरीको डिलमा लगाइदै आएको फुटपाथ पसल हटाइयो । प्रदेश सरकारले चर्चा पनि राम्रै पायो तर अहिले ती फुटपाथ भारतीय तथा नेपाली नम्बर प्लेटका गाडीको पार्किङ्ग स्थल बनेको छ । अरगजा पोखरीको डिल समेत पार्किङ्ग स्थल बनेको छ। ती जग्गाहरु खाली त गराइयो तर अहिले नियमित सरसफाई नहुँदा फोहोरको डम्पिङ्ग साइट समेत बनेको छ।

जनकपुरधाम उपमहानगरपालिकाको समेत फुटपाथ खाली गराउनेमा समन्वय रहेकोमा त्यहाँ सरसफाइमा तत्परता देखाएको छैन। जग्गा त खाली गराइयो तर ती जग्गा र हटाइएका साना व्यवसायीहरुको अहिलेसम्म व्यवस्थापन गर्न नसक्दा प्रदेश सरकार र उपमहानगरपालिकाको कार्यशैलीप्रति प्रश्न उठन थालेको छ।



## अनुसन्धानका लागि पालिएका ५० लाखका पन्छी क्षति

वीरगञ्ज । राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रमअन्तर्गत अनुसन्धानका लागि पालिएका पन्छीमा बर्डफ्लु देखिएपछि करिब रु ५० लाख बराबरको नोक्सानी भएको छ । गत चैत अन्तिम साता देखापरेको बर्डफ्लुको कारणले बाराको परवानीपुरस्थित राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रमअन्तर्गत पालिएका आधा दर्जन प्रजातिका पन्छी र सोको आहारसमेत नष्ट गर्नुपरेको हो ।

राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रम परवानीपुरका सूचना अधिकारी खमबहादुर प्रजाले चैतको अन्तिम साता यहाँ पाल्दै आएको पन्छीमा बर्फ्डफ्लु पुष्टि भएपछि करिब रु ४५ देखि ५० लाखको नोक्सानी व्यहोर्नुपरेको बताउनुभयो । "टर्की जातको पन्छीमा बर्डफ्लु देखिएपछि एकपछि अर्को गर्दै फार्ममा पालिएका अन्य प्रजातिका पन्छीमा बर्डफ्लु देखिएपछि सबै नष्ट गर्नुपरेको हो", उहाँले भन्नुभयो, "सम्पूर्ण प्रक्रिया पूरा गरेर यहाँ पाल्दै आएका पन्छीहरू, अण्डा र दानाहरूको समेत नष्ट गरेका छौं ।"

बर्फ्डफ्लुको कारणले करिब दुई हजार कुखुराको चल्ला, करिब १२ सयको हाराहारीमा गिरीराजलगायत कुखुराको प्रजाति, तित्रा ३३ वटा, सेतो/कालो टर्की ४७ वटा, बट्टाई करिब ४५० वटा नष्ट गरिएको कार्यालयले जनाएको छ । त्यस्तै एल वान दाना ८३५ किलोग्राम, एलटु दाना ४५५ किलोग्राम र एलथ्रि एक हजार ८३५ किलोग्राम दाना नष्ट गरिएको छ । रासस

# अनलाइन प्रणालीसँगै भारतीय सवारी निगरानी कडाइ



भैरहवा । नेपाल प्रवेश गर्ने भारतीय सवारीसाधन माथिको निगरानी थप प्रभावकारी बन्ने भएको छ । अभिलेख व्यवस्थापन र अनलाइन प्रणालीको अभावका कारण प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको भारतीय सवारी व्यवस्थापन प्रणाली अहिले डिजिटल माध्यमबाट कडाइका साथ लागू गर्न थालिएको हो ।

भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलका अनुसार नेपाल सरकारले भारतीय नम्बर प्लेटका सवारीसाधनका लागि तोकेको समयसीमा र शुल्कसम्बन्धी व्यवस्था नयाँ नभई विगतदेखि नै लागू रहेको कानुनी प्रावधान हो । तर, अनलाइन प्रणाली नहुँदा कुन सवारी कतिपटक नेपाल प्रवेश गर्‍यो, कति दिन बस्यो र समयसीमा नाघ्यो वा नाघेन भन्ने तथ्याङ्क व्यवस्थित रुपमा राख्न कठिन हुँदा नियम पूर्ण रुपमा कार्यान्वयन हुन सकेको थिएन ।

भारतीय नागरिक नेपालभर भ्रमण गर्न पाउने भए पनि पर्यटकीय प्रयोजनका लागि नेपाल भित्रिने भारतीय सवारीसाधनलाई भने निश्चित समयसीमा तोकिएको उहाँको भनाइ छ । उहाँका अनुसार कार, जिप, मोटरसाइकललगायत पर्यटकीय सवारीसाधनले एक वर्षभित्र एकैपटक वा पटकपटक गरी जम्मा ३० दिनसम्म मात्रै नेपालमा बस्न पाउने कानुनी व्यवस्था छ ।

"तीस दिनभन्दा बढी बस्न हालतमा पाइँदैन । अतिरिक्त महसुल तिरेर पनि बस्न अनुमति छैन", प्रमुख भन्सार अधिकृत पौडेलले भन्नुभयो, "तोकिएको समयसीमा नाघेर सवारी नेपालमै राखेमा कानुनअनुसार कारबाही हुन्छ र सवारीसाधनसमेत जफत हुनसक्छ ।"

भन्सार अधिकृत पौडेलका अनुसार सीमानाकामा यो व्यवस्था विगतदेखि नै लागू गरिँदै आए पनि अभिलेखीकरण म्यानुअल प्रणालीमा आधारित हुँदा निगरानी प्रभावकारी हुन सकेको थिएन । अहिले अनलाइन प्रणालीमार्फत सवारीको प्रवेश, बसाइ अवधि र आवतजावतको विवरण डिजिटल रुपमा राख्न थालिएपछि कार्यान्वयनमा सहजता आएको उहाँले बताउनुभयो ।

**मालवाहक सवारीमा फरक व्यवस्था**

प्रमुख भन्सार अधिकृत पौडेलका अनुसार पर्यटकीय सवारी र मालवाहक ढुवानीका साधनका लागि भने फरक कानुनी व्यवस्था लागू गरिएको छ । 'सवारी साधन' र 'ढुवानीका साधन' अलगअलग रुपमा परिभाषित गरिएको उल्लेख गर्दै पौडेलले मालवाहक ट्रक तथा ढुवानीका साधनमा ३० दिने सीमा लागू नहुने स्पष्ट पार्नुभयो ।

नेपालमा माल लिन आउने भारतीय ढुवानीका साधनले नेपाल प्रवेश गर्दा रु एक हजार ७०० शुल्क तिर्नुपर्ने व्यवस्था छ । यस्ता सवारीले दुई दिनभित्र माल लोड गरी नेपालबाट फर्किनुपर्ने हुन्छ ।

त्यस्तै, भारतबाट माल बोकेर नेपाल आउने ढुवानीका साधनले रु एक हजार ५०० तिरेर प्रवेश अनुमति पाउने गरेका छन् । यस्ता गाडीले ७२ घण्टाभित्र नेपाल छाडे थप कुनै शुल्क लाग्दैन । तर ७२ घण्टाभन्दा बढी नेपालमा बसेमा प्रतिदिन रु दुई हजार ५०० का दरले महसुल लाग्ने व्यवस्था रहेको पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार मालवाहक ढुवानीका साधन व्यापारिक प्रयोजनसँग प्रत्यक्ष सम्बन्धित भएकाले तिनमा पर्यटकीय सवारीसरह ३० दिने सीमा लागू गरिएको छैन ।

**सीमावर्ती बजारका लागि १२ घण्टे सुविधा**

सीमावर्ती क्षेत्रका स्थानीय बासिन्दालाई लक्षित गर्दै नेपाल-भारत सीमा नाकामा छोटो अवधिको आवतजावत सुविधा पनि दिइँदै आएको छ । कार, जिप र मोटरसाइकललगायत भारतीय सवारी साधनले नजिकको नेपाली बजारसम्म आवतजावत गर्न १२ घण्टे सुविधा पाउने गरेका छन् । यस्तो सुविधाका लागि कुनै शुल्क लाग्दैन ।

प्रमुख भन्सार अधिकृत पौडेलका अनुसार यो सुविधा मुख्यतः सीमावर्ती बजारमा दैनिक किनमेल, सामान्य व्यापार तथा आवतजावत गर्ने स्थानीय नागरिकलाई लक्षित गरेर दिइएको हो । "सुविधा लिने भनेका सीमावर्ती बजारका स्थानीय हुन् । उनीहरुलाई सहज ओहोरदोहोरका लागि यस्तो व्यवस्था गरिएको हो", उहाँले भन्नुभयो । उहाँले नेपाली सवारीसाधनले पनि भारततर्फ नजिकका रेलवे स्टेशनसम्म जान यही प्रकारको सुविधा उपयोग गर्दै आएको बताउनुभयो ।

**डिजिटल निगरानीपछि कार्यान्वयन प्रभावकारी हुने अपेक्षा**

भन्सार प्रशासनले अनलाइन प्रणाली कार्यान्वयनसँगै अब भारतीय सवारीसाधनको नेपाल बसाइ अवधि, प्रवेश संख्या र समयसीमा उल्लङ्घनको विवरण सहजै 'ट्रयाक' गर्न सकिने जनाएको छ ।

यसले राजस्व चुहावट नियन्त्रण, अवैध रुपमा लामो समयसम्म विदेशी सवारी सञ्चालन रोक्न तथा कानुनी व्यवस्था प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै सीमावर्ती क्षेत्रमा हुने अनियमित आवतजावत नियन्त्रणमा पनि यसले भूमिका खेल्ने प्रमुख भन्सार अधिकृत पौडेलको भनाइ छ ।

नेपाल सरकारले सडकमार्ग हुँदै नेपाल आउने विदेशी पर्यटकका सवारीसाधनका लागि अनलाइन दर्ता तथा राजस्व भुक्तानी प्रणाली सुरु भइसकेको छ । नयाँ व्यवस्थाअनुसार भारतसहित अन्य देशबाट निजी सवारीसाधन लिएर नेपाल भ्रमणमा आउने पर्यटकले यात्रा सुरु गर्नुअघि नै अनलाइनमार्फत आफ्नो सवारीको विवरण दर्ता गर्न सक्नेछन् । साथै आवश्यक राजस्व शुल्क पनि डिजिटल माध्यमबाट भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ ।

भुक्तानी प्रक्रिया पूरा भएपछि पर्यटकलाई इमेलमार्फत क्युआर कोड उपलब्ध गराइनेछ । सीमा नाकामा यही क्युआर कोड देखाएर सवारीसाधनलाई नेपाल प्रवेश अनुमति दिइने व्यवस्था गरिएको छ ।

यो प्रणालीको अर्को विशेषता भनेको सवारी अनुमति अवधिको नवीकरण प्रक्रिया पनि अनलाइनमार्फत गर्न सकिने व्यवस्था हो ।

यात्राका क्रममा अनुमति अवधि सकिएमा पर्यटकले नेपालभित्रैबाट अनलाइन माध्यमबाट अनुमति नवीकरण गर्न सक्नेछन् । यसका लागि पुनःसीमा नाकासम्म जानुपर्ने आवश्यकता नपर्ने जनाइएको छ । रासस

# चितवनमा सञ्चालित एम्बुलेन्समा अनिवार्य जिपिएस जडान गर्नुपर्ने

नारायणगढ । जिल्लामा एम्बुलेन्स सेवालाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन एम्बुलेन्समा जिपिएस जडान अनिवार्य गरिएको छ ।

जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको आज बसेको बैठकले एम्बुलेन्स सेवाको व्यवस्थापन, पारदर्शिता र प्रभावकारिता सुधार गर्न तथा सेवा सञ्चालनमा देखिएका विकृति नियन्त्रण गर्न अनिवार्य रूपमा जिपिएस जडान गर्नुपर्ने निर्णय गरेको हो ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको अध्यक्षतामा बसेको बैठकले जिल्लाभर सञ्चालनमा रहेका सबै एम्बुलेन्सलाई सात दिनभित्र जनस्वास्थ्य कार्यालयमा एकीकृत तथ्याङ्क विवरण अनिवार्य रूपमा दर्ता गर्न निर्देशन दिएको छ ।

सोअनुसार दर्ता भएका एम्बुलेन्सले १५ दिनभित्र जिपिएस प्रणाली जडान गरी त्यसको जानकारी जनस्वास्थ्य कार्यालयमा बुझाउनुपर्ने निर्णय गरिएको प्रजिअ अर्यालले जानकारी दिनुभयो । विवरण दर्ता नगर्ने र जिपिएस जडान नगर्ने एम्बुलेन्सलाई सञ्चालनमा रोक लगाइने समितिले जनाएको छ ।

भाडादर र पार्किङ व्यवस्थापनका लागि जनस्वास्थ्य कार्यालय प्रमुखको संयोजकत्वमा ट्राफिक प्रहरी, यातायात व्यवस्था कार्यालय, जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी, एम्बुलेन्स चालक सङ्घ र भरतपुर महानगरपालिका सम्मिलित उपसमितिले सिफारिस गरेको भाडादर अनुसार मात्र सेवा सञ्चालन गर्नुपर्ने निर्णय भएको प्रजिअ अर्यालले बताउनुभयो ।



बिरामीसम्बन्धी स्वास्थ्य संस्था पुर्‍याइसकेपछि एम्बुलेन्स तत्काल आफ्नो कार्यक्षेत्रमा फर्कनुपर्ने र अस्पताल वा स्वास्थ्य संस्था परिसरमा अनावश्यक पार्किङ गरी अन्य एम्बुलेन्सलाई अवरोध पुर्‍याएमा कारबाही गर्ने निर्णय भएको उहाँले उल्लेख गर्नुभयो । बिरामीलाई समयमै अस्पताल पुर्‍याउन र एम्बुलेन्सको सही अवस्थिति थाहा पाउन मद्दत पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

सम्भावित सवारी दुर्घटनालाई मध्यनजर गर्दै जिल्लाको पूर्वी भाग भण्डारा र मुग्लिङ खण्डमा स्वास्थ्यकर्मीसहित एक/एक वटा 'डेडिकेटेड एम्बुलेन्स' २४सै घण्टा परिचालन गरिने भएको छ । ती एम्बुलेन्स चालकको नाममा छुट्टाछुट्टै टोलफ्री नम्बर उपलब्ध गराइनेछ । यस्तै, २४सै घण्टा खटिने चालकको खाजा, खाना र चिया खर्चका लागि चितवन र रत्ननगर उद्योग वाणिज्य सङ्घलाई सहयोगका लागि अनुरोध गर्ने निर्णय गरिएको प्रजिअ अर्यालले बताउनुभयो ।

चालक र स्वास्थ्य संस्थाबीच हुनसक्ने अनावश्यक मिलेमतो वा गोप्य कारोबार रोक्न एम्बुलेन्स चालक सङ्घ र स्वास्थ्य संस्थाले संस्थागत पहल गर्ने निर्णय भएको छ । जिल्लाभरका एम्बुलेन्सले निर्देशिका बमोजिम अनिवार्य रूपमा यान्त्रिक जाँच गराउनुपर्ने र चालकले अनिवार्य रूपमा पोसाक लगाउनुपर्ने व्यवस्था गरिएको छ ।

बैठकपछि प्रमुख जिल्ला अधिकारी अर्यालले निर्णय कार्यान्वयनमा जोड दिँदै भन्नुभयो, "यी निर्णयहरू कार्यान्वयन भएपछि हामीले अपेक्षा गरेभन्दा सकारात्मक परिवर्तन हुन्छन् । नागरिक तथा बिरामीले सहज रूपले सेवा पाउनेछन् ।" उहाँले चितवनको एम्बुलेन्स सेवालाई गुणस्तरी र प्रभावकारी बनाउने उद्देश्यले गरिएका यी निर्णयले देशभर सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गर्नुभयो ।

बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी चीरञ्जीवी सुवेदी, जनस्वास्थ्य कार्यालय चितवनका प्रमुख निर्मल घिमिरे, बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कायममुकायम कार्यकारी निर्देशक डा उमेश नेपाल, बकुलहर रत्ननगर अस्पतालका डा रमेश पौडेल, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरी, निजी अस्पताल समन्वय समिति चितवनका अध्यक्ष बिक्रम अधिकारी, संयुक्त एम्बुलेन्स चालक सङ्घ नेपालका केन्द्रीय अध्यक्ष नवराज लामिछानेलगायत सरोकार भएका निकायका प्रतिनिधिको सहभागिता थियो । रासस

# बजार सुशासनका लागि सोमबारदेखि देशभर 'मूल्य पारदर्शिता सप्ताह'



काठमाण्डु । बजारमा व्याप्त अनियमितता, कृत्रिम मूल्यवृद्धि र उपभोक्ता ठगी नियन्त्रण गर्ने उद्देश्यले सरकारले सोमबारदेखि देशभर विशेष अभियान सञ्चालन गर्ने भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयुक्त पहलमा 'मूल्य पारदर्शिता सप्ताह' आयोजना गर्न लागिएको हो ।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दिपा दाहालले आमनागरिकको दैनिक जीवनसँग जोडिएको मूल्यवृद्धिको समस्या समाधान गर्न यो अभियान सञ्चालन गर्न लागिएको बताउनुभयो । सप्ताहव्यापी अभियानले बजारमा हुने गलत क्रियाकलाप रोक्न कोसेढुङ्गा सावित हुने विश्वास लिइएको बताउनुभयो ।

प्रेसविज्ञ दाहालले सबै सरोकार भएका निकाय, नागरिक समाज र सञ्चारकर्मीलाई यस अभियानमा सहयोग र बजारमा हुने अनियमितताको खबरदारी गर्नसमेत आग्रह गर्नुभयो ।

**अभियानको समयसीमा र नेतृत्व**

यो विशेष अभियान सोमबारदेखि सुरु भई जेठ ३ गतेसम्म सञ्चालन हुनेछ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय र पत्राचारअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसलाई कार्यान्वयनका लागि देशभरका निकायलाई निर्देशन दिइसकेको छ ।

अभियान कार्यान्वयनका लागि गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै प्रदेशका मुख्यमन्त्री कार्यालय र स्थानीय तहलाई निर्देशन दिइसकिएको प्रधानमन्त्रीका प्रेसविज्ञ दाहालले जानकारी दिनुभयो ।

**कसले के जिम्मेवारी निभाउने ?**

> प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वस्तु तथा सेवा प्रदायकहरूलाई अनिवार्य रूपमा मूल्यसूची राख्न आह्वान गरी सोको नियमित अनुगमन गर्नेछन् ।

प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वस्तु तथा सेवा प्रदायकहरूलाई अनिवार्य रूपमा मूल्यसूची राख्न आह्वान गरी सोको नियमित अनुगमन गर्नेछन् ।

यस्तै, जिल्ला प्रशासन कार्यालयलाई जिल्ला तहमा बजार अनुगमन समितिलाई सक्रिय बनाउँदै मूल्य पारदर्शिताका लागि व्यापक प्रचारप्रसार गर्ने र नियमन सुनिश्चित गर्ने जिम्मेवारी दिइएको छ ।

केन्द्रीय र प्रदेश बजार अनुगमन समितिले बजारको मूल्याङ्कन गर्ने, अनुगमन टोली खटाउने र नियम पालना नगर्नेमाथि कडा कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउनेछन् ।

**अभियानको आवश्यकता ?**

बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरूपता नहुँदा र उपभोक्ताहरूले वास्तविक मूल्य थाहा नपाउँदा ठगिनेक्रम बढेको विषयमा गुनासा बढेपछि सरकारले अभियान सञ्चालन गर्न लागेको हो ।

बजारमा उपलब्ध हुने हरेक वस्तु तथा सेवाको मूल्यमा स्पष्टता र पारदर्शिता ल्याउन, व्यापारी र सेवा प्रदायकलाई जवाफदेही बनाउन, अनिवार्य मूल्यसूचीको व्यवस्था लागू गर्न र अनुगमन प्रणालीलाई चुस्त बनाउँदै दोषीमाथि तत्काल कारबाही सुनिश्चित गर्न यो अभियान सुरु गर्न लागिएको जनाइएको छ । रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजको दिन कार्यक्षेत्रमा निकै व्यस्त रहनुपर्नेछ । |
| वृष : | रोकिएका धार्मिक वा लामो दुरीका यात्राका योजनाहरु सफल हुनेछन् । |
| मिथुन : | आजको दिन स्वास्थ्यमा विशेष सावधानी अपनाउनुहोला । |
| कर्कट : | दाम्पत्य जीवनमा सुख र मधुरता छाउनेछ। |
| सिंह : | तपाईका शत्रुहरु परास्त हुनेछन् । |
| कन्या : | बौद्धिक र सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ । |
| तुला : | पारिवारिक वातावरणमा केही उतारचढाव आउन सक्छ । |
| वृश्चिक : | तपाईको साहस र पराक्रम बढ्नेछ । |
| धनु : | वाणीको प्रभावले बिग्रिएका कामहरु बन्नेछन् । |
| मकर : | चन्द्रमा आज तपाईको आफ्नै राशिमा रहनेछन् । आत्मविश्वास र उर्जा बढ्नेछ। |
| कुम्भ: | वैदेशिक कार्य वा टाढाको यात्राका लागि समय अनुकूल छ । |
| मीन: | आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# 'ओमप्रसाद-मेघकुमार' सम्मान राजभण्डारीलाई



गण्डकी । विद्यामन्दिर पुस्तकालय, बागलुङमा स्थापित 'ओमप्रसाद-मेघकुमार'सम्मानबाट यशोदाराजभण्डारी सम्मानित हुनुभएको छ । पूर्वनर्स रहनुभएकी उहाँलाई कुष्ठरोगीको सेवा र अधिकार रक्षामा योगदान पुऱ्याए बापत सम्मान गरिएको हो ।

शनिबार यहाँ आयोजित पुस्तकालयको ७७औँ वार्षिक साधारणसभामा गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री गोविन्दबहादुर नेपालीले राजभण्डारीलाई नगद रु पाँच हजारसहित दोसल्ला र सम्मानपत्र प्रदान गर्नुभयो ।

कुष्ठरोगलाई जितेपछि नर्स बन्नुभएकी राजभण्डारीले पोखराको हरियो खर्क अस्पतालमा कुष्ठरोगीको उपचार र सेवामा २५ वर्ष बिताउनुभएको थियो । सम्मान ग्रहणपछि उहाँले कुष्ठरोगीको सेवामा आफ्नो जीवन समर्पित गरेको बताउनुभयो ।

उहाँलाई सानै छँदा कुष्ठरोगको लक्षण देखिएको थियो । क्याम्पस पढ्ने उमेरमा कुष्ठरोग निको भएपछि उहाँले नर्सिङ अध्ययन सुरु गर्नुभएको थियो । कुष्ठरोगीको हितमा क्रियाशील संस्था आइडिया नेपालको उहाँ अध्यक्षसमेत भएर काम गर्नुभएको थियो । सोही संस्थाको प्रतिनिधित्व गर्दै राजभण्डारी अमेरिकाको न्यूयोर्कमा आयोजित इन्टरनेशनल ल्याप्रोसी इफेक्टेड वुमन्स कन्फ्रेन्समासहभागिता जनाउनुभएको थियो । मन्त्री नेपालीलेराजभण्डारीको सङ्घर्षशील जीवन अरुका लागि प्रेरणादायी रहेको बताउनुभयो ।

कुष्ठरोगबाट प्रभावित भई त्यसलाई जितेर कुष्ठरोगीको सेवामा जीवन समर्पित गर्नुभएकी राजभण्डारीको योगदानको कदर गर्दै सम्मान गरिएको पुस्तकालयका अध्यक्ष रामचन्द्र शर्माले बताउनुभयो । राजभण्डारी विसं २००९ मा बागलुङमा जन्मनुभएको थियो । हाल उहाँ पोखरामा बस्दै आउनुभएको छ । उहाँमा सामाजिक गतिविधिमा पनि क्रियाशील रहँदै आउनुभएको छ ।

पुस्तकालयका संस्थापकद्वय ओमप्रसाद गौचन र मेघकुमार वैद्यका नाममा स्थापित उक्त सम्मान बर्सेनि पुस्तकालयको साधारणसभामा प्रदान गरिँदै आएको छ । राणाकाल छँदा विसं २००३ मा स्थापित विद्यामन्दिर पुस्तकालय देशकै अग्रणीमध्येमा पर्छ । धवलागिरि क्षेत्रको शैक्षिक, सामाजिक, साँस्कृतिक र राजनीतिक जागरणको केन्द्रको रुपमासमेत यस पुस्तकालयलाई लिइन्छ । रासस

# बजेटका लागि सुझाव सङ्कलन पोर्टल सञ्चालन



काठमाडु । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने प्रक्रियामा आमनागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न 'सुझाव सङ्कलन पोर्टल' सञ्चालनमा ल्याएको छ ।

आगामी सोमबार सार्वजनिक हुने नीति तथा कार्यक्रममा जनताका वास्तविक आवश्यकता र मौलिक अपेक्षालाई समेट्दै शासन व्यवस्थालाई थप पारदर्शी र जनमुखी बनाउने उद्देश्यले यो डिजिटल प्लेटफर्मको सुरुआत गरिएको हो ।

यस पोर्टलका माध्यमबाट देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली नागरिक, विषयविज्ञ र नीतिनिर्माताले बजेट निर्माण र विकासका प्राथमिकताका सम्बन्धमा आफ्ना महत्वपूर्ण रायसुझाव सिधै सरकारसमक्ष पेस गर्न सक्नुहुनेछ ।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार सरकारको नीतिनिर्माण प्रक्रियालाई प्रशासनिक घेरामा मात्र सीमित नराखी आमजनताको भावना र विज्ञतालाई कदर गर्ने प्रधानमन्त्रीको मुख्य योजनाअनुरूप यो कदम चालिएको हो ।

दाहालले यो पोर्टलले नागरिक र राज्यबीचको दूरी मेटाउँदै सुशासनको नयाँ अभ्यास स्थापित गर्ने र प्राप्त भएका सुझावलाई प्रशासनिक तहमा गम्भीरतापूर्वक समीक्षा गरी नीतिगत रूपमै कार्यान्वयनमा लगिने स्पष्ट पार्नुभएको छ ।

जनताले पोर्टलमा दिएका आफ्ना सुझावको पछिल्लो अवस्था र सरकारले चालेको कदमका बारेमा जानकारी लिन सकिने गरी 'सुझाव ट्र्याक' गर्ने विशेष सुविधा यस प्रणालीमा समावेश गरिएको छ ।

सरकारले यस महत्वपूर्ण डिजिटल पहलमा सक्रियताका साथ सहभागी भई 'समृद्ध नेपाल' निर्माणको महाभियानमा रचनात्मक योगदान पुऱ्याउन सम्पूर्ण नेपालीमा हार्दिक अनुरोध गरेको छ ।

नागरिकले मन्त्रिपरिषद्को कार्यालयको आधिकारिक वेबसाइटमार्फत यो पोर्टल प्रयोग गरी आफ्ना रायसुझाव सिधै प्रधानमन्त्रीको सचिवालयसम्म पुऱ्याउन सक्नेछन् । रासस

# सोमबारदेखि सरकारी कार्यालयमा सरसफाइ अभियान

काठमाण्डु । आगामी सोमबारदेखि सरकारी कार्यालयमा 'राष्ट्रिय सरसफाइ सप्ताह' सञ्चालन हुने भएको छ । सरकारले सोमबारदेखि जेठ १ सम्म सङ्घ, प्रदेश र स्थानीय तहका सबै कार्यालयमा सरसफाइ सप्ताह सुरु गर्न थालेको हो ।

त्यसका लागि सरसफाइ सप्ताह सञ्चालनसम्बन्धी मार्ग्गनिर्देशन २०८३ समेत जारी गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका शाखा अधिकृत सुवर्ण




बज्राचार्यले जानकारी दिनुभयो ।

सबै सरकारी निकाय तथा शैक्षिक संस्थामा स्वच्छ, स्वस्थ र व्यवस्थित वातावरण कायम गर्र्न र सरसफाइसम्बन्धी आचारण विकास गर्न सरसफाइ सप्ताह सञ्चालन गर्न थालिएको उहाँले जानकारी दिनुभयो । सप्ताह सञ्चालन गर्न सबै सङ्घ, प्रदेश र स्थानीय तहलाई पत्राचार गरिसकेको छ ।

स्वास्थ्य तथा जनस॰या मन्त्रालयको समन्वयमा सोमबार बिहान ८:३० बजे वीर अस्पतालबाट सरसफाइ सप्ताहको शुभारम्भ गरिने मन्त्रालयका सहप्रवक्ता डा समीर कुमार अधिकारीले जानकारी दिनुभयो । सोही समयमा देशैभरिका सबै अस्पतालमा पनि सरसफाई सप्ताह शुभारम्भ हुने र सप्ताहभरि दैनिक रूपमा सरसफाइमा सहभागी हुन आग्रह गरिएको उहाँले बताउनुभयो ।

सरसफाइ सप्ताह सञ्चालनका लागि बनाइएको मार्गदर्शनमा तोकिएका सूचक अनिवार्य पूरा गर्नुपर्ने छ । कार्यालय सरसफाइ मापन, शौचालय तथा स्वच्छता मापन, शैक्षिक संस्था र सार्वजनिकस्थलको सरसफाइ, क्यान्टिन तथा भान्साघर स्वच्छता, फोहर व्यवस्थापन मापन, सेवाग्राही अनुभव मापन, संस्थागत दिगोपन मापन सूचक कायम गरिएकाले तिनको पालना गर्न आग्रह गरिएको छ । रासस

# बन्दीपुरको पर्यटन प्रवर्द्धन गर्न 'साइक्लिङ': काभ्रेका खरेल प्रथम

बन्दीपुर । बन्दीपुरका ग्रामीण पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसार गर्दै साइक्लिङ रुटको प्रवर्द्धन गर्ने उद्देश्यले शनिबार यहाँ साइक्लिङ प्रतियोगिता आयोजना गरिएको छ । बन्दीपुर गाउँपालिकाको आयोजना तथा नेपाल साइक्लिङ महासङ्घको प्राविधिक सहयोगमा प्रतियोगिता सम्पन्न भएको हो ।

प्रतियोगितामा काभ्रेका अच्युतकृष्ण खरेल प्रथम हुनुभएको छ । खरेलले करिब २२ किलोमिटर दूरी एक घण्टा १९ मिनेट आठ सेकेन्डमा पूरा गर्दै प्रथम हुनुभएको हो । निर्धारित दूरी २० मिनेट २६ सेकेन्डमा पार गर्दै तनहुँका सौगात अछामी द्वितीय र सुनसरीका सञ्जय राई एक घण्टा २६ मिनेट १६ सेकेन्डमा सोही दूरी पारी गर्दै तृतीय हुनुभयो ।

प्रतियोगितापछि बन्दीपुर बजारमा आयोजित कार्यक्रममा विजेता प्रतियोगीलाई क्रमशः रु १५ हजार, रु १० हजार, रु पाँच हजारसहित प्रमाणपत्र तथा ट्रफी प्रदान गरिएको छ । त्यस्तै सहभागी सबैलाई रु तीन हजार प्रदान गरिएको बन्दीपुर गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख भीम



लामिछानेले जानकारी दिनुभयो ।

गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बन्दीपुरलाई साहसिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न पालिकाले विभिन्न प्रचारप्रसारसहित पर्यटन प्रवर्द्धनका गतिविधि सञ्चालन गरिरहेको बताउनुभयो । उहाँले साइक्लिङ प्रतियोगिताले पर्यटन प्रवर्द्धनसँगै स्वस्थ जीवनशैलीको सन्देश दिएको उल्लेख गर्नुभयो ।

ग्रामीण पर्यटकीय गन्तव्य तथा साइक्लिङ रुटको प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताउँदै अध्यक्ष थापाले धरमपानीबाट बन्दीपुर बजारसम्मको मार्ग प्राकृतिक सौन्दर्य, पहाडी संस्कृति, घरबासलगायत आकर्षक गतिविधि समावेश गरिएकाले ग्रामीण जीवनशैलीले भरिपूर्ण रहेको उल्लेख गर्नुभयो । यसले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने उहाँको भनाइ छ ।

त्यसैगरी नेपाल साइक्लिङ महासङ्घका अध्यक्ष सुदिप पौडेलले बन्दीपुर क्षेत्र साहसिक खेल पर्यटनका लागि उपयुक्त गन्तव्य रहेको उल्लेख गर्दै आगामी दिनमा राष्ट्रियस्तरका थप प्रतियोगिता आयोजना गर्न सुझाव दिनुभयो ।

बन्दीपुरमा खासगरी प्राचिन पुरातात्विक महत्वको बन्दीपुर बजार, टुँडिखेल सहिद स्मारक, थानीमाई मन्दिर, खड्गमाई मन्दिर, बिन्दबासिनी मन्दिर मणिमुकुन्देश्वरी पदमार्ग (मिनी ग्रेट वाल), रानीवन, तीनधारा, पिकनिक स्पोर्ट, गुम्बा, रामकोट, धरमपानी, कोरीखाका होमस्टेहरू, राष्ट्रिय बाख्रा अनुसन्धान केन्द्र, रेशमखेती, मौरी पालन र च्याउ उत्पादनका लागि किट विकास कार्यक्रमलगायत स्थानहरू पर्यटकीय केन्द्रका रूपमा परिचित छन् ।

नेवारी, मगर, गुरुङ जातजातिको विभिन्न सांस्कृतिक भेषभुषा र रितिरिवाजको विविधता बन्दीपुरमा देख्न सकिन्छ । यहाँबाट धौलागिरि, अन्नपूर्ण माछापुच्छ्रे, मनास्लुलगायत दर्जनौँ हिमशृ‌ङ्खला अवलोकन गर्न सकिन्छ ।

हिमालको लामो दृश्य एउटै रेन्ज एकै 'फ्रेम'मा देखिने भएकाले पनि बन्दीपुरमा स्वदेशी तथा विदेशी पर्यटकहरू रमाउने गर्दछन् । गर्मीमा चिसो, जाडोको समयमा बिहानै घाम लाग्ने बन्दीपुरबाट पहाडका नागबेलीसमेत देख्न सकिन्छ । बन्दीपुरमा होटल सङ्घमा आबद्ध करिब ८० वटा होटल र १२ वटा घरबास सञ्चालनमा रहेका छन् ।

पृथ्वी राजमार्गअन्तर्गत तनहुको डुम्रे बजारबाट एक किलोमिटर अगाडि बन्दीपुर गेटबाट आठ किलोमिटर यात्रा गर्दै यहाँ पुग्न सकिन्छ । अहिले बन्दीपुरको ठूलढुङ्गाबाट बरालथोकसम्म आउन केवलकारसमेत सञ्चालनमा आएको छ । रासस

# तिङ्कर सडकको दुम्लिङसम्म पहिलोपटक गाडी पुग्यो

खलङ्गा । दार्चुलाको व्यास गाउँपालिका-२ स्थित दुम्लिङ गाउँमा पहिलोपटक सवारीसाधन पुगेको छ । नेपाली सेनाले निर्माण गरिरहेको तुसारपानी-तिङ्कर सडकअन्तर्गत शून्य विन्दु तुसारपानीदेखि दुम्लिङसम्मको १२ किलोमिटर सडक निर्माण सम्पन्न गरेपछि शुक्रबारदेखि यातायात सञ्चालनमा ल्याइएको हो ।

दुम्लिङ गाउँमा पहिलोपटक गाडी पुगेपछि स्थानीय उत्साहित भएका छन् । सडक सञ्चालनसँगै दैनिक उपभोग्य सामग्री ढुवानी, बिरामीको ओसारपसार तथा शिक्षा र अन्य सेवा सुविधामा सहजता आउने अपेक्षा गरिएको छ ।

नेपाली सेनाका अनुसार तुसारपानीदेखि तिङ्करसम्म निर्माणाधीन कूल ७९ किलोमिटर सडकअन्तर्गत हालसम्म २२ दशमलव १५ किलोमिटर सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ । त्यसमध्ये दुम्लिङसम्मको १२ किलोमिटर सडकमा सवारीसाधन सञ्चालनमा ल्याइएको हो । बाँकी



क्षेत्रमा सडक स्तरोन्नति तथा ट्र्याक खोल्ने काम निरन्तर जारी रहेको सेनाले जनाएको छ ।

नेपाल-चीन सीमा क्षेत्रसँग जोडिएको व्यास क्षेत्र भौगोलिक रूपमा अत्यन्त विकट मानिन्छ । वर्षौंदेखि यहाँका नागरिकले पैदलमार्गको भरमा यात्रा गर्नुपर्ने बाध्यता भोग्दै आएका थिए । सडक विस्तारसँगै स्थानीय बासिन्दाको जीवनस्तरमा सुधार आउने विश्वास गरिएको छ ।

नेपाली सेनाले आर्थिक वर्ष २०७७/७८ देखि उक्त सडक निर्माण अघि बढाउँदै आएको हो । हिमाली तथा चट्टानी भूभागमा कठिन परिस्थितिका बीच सडक निर्माण भइरहेको सेनाले जनाएको छ । रणनीतिक तथा विकासका दृष्टिले महत्व बोकेको यस सडकले सीमा क्षेत्रका बासिन्दालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने अपेक्षा गरिएको छ ।

स्थानीयवासीले दुम्लिङसम्म सडक र गाडी पुगेपछि वर्षौंदेखिको यातायात समस्यामा राहत मिल्ने बताएका छन् । सडक सञ्चालन भएपछि खाद्यान्न, निर्माण सामग्री तथा अन्य आवश्यक वस्तुको ढुवानी खर्चसमेत घट्ने उनीहरूको विश्वास छ ।

तिङ्कर नाका जोड्ने लक्ष्यसहित सडक निर्माण कार्यलाई तीव्र बनाइएको नेपाली सेनाले जनाएको छ । सडक निर्माण सम्पन्न भएपछि व्यास क्षेत्रको आर्थिक, सामाजिक तथा पर्यटन विकासमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ । रासस

# कवि कोइरालाद्वारा लिखित 'आधा जिन्दगी' लोकार्पण



टक्सार । साहित्यकार शङ्करप्रसाद कोइरालाद्वारा लिखित 'आधा जिन्दगी' नामक गीतिसङ्ग्रह भोजपुरमा लोकार्पण गरिएको छ । सयौँ गीत समेटिएको उक्त सङ्ग्रह कोइरालाको गृहजिल्ला भोजपुरमा आज सार्वजनिक गरिएको हो ।

सरल र बहुआयामिक व्यक्तित्वका धनी कोइराला साहित्यकार तथा समाजसेवीका रूपमासमेत परिचित हुनुहुन्छ । पूर्वअर्थमन्त्रीसमेत रहनुभएका उहाँले 'आधा जिन्दगी बितिसक्यो', 'लाजको लाली पोतेर आइदेउन' र 'रुपौली रानी'लगायत कयौँ चर्चित गीतहरूको रचना गरिसक्नुभएको छ ।

आफ्नो माटोप्रतिको माया र सम्मानका कारण जन्मथलोमा गीत सङ्ग्रह लोकार्पण गरिएको कोइरालाले बताउनुभयो । विसं २०५१ मा स्थापित संस्था त्रिवेणी साहित्य प्रतिष्ठान भोजपुरले कोइरालाको गीत सङ्ग्रह लोकापर्ण कार्यक्रमको आयोजना गरेको हो । सोक्रममा कला क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै कोइरालालाई दोसल्लासहित सम्मानपत्रबाट सम्मान गरिएको छ । कार्यक्रममा कोइरालाले कला, साहित्य र गीतलाई मनोरञ्जनका रूपमा मात्र लिन नहुने बताउँदै यसले समाजका यथार्थ अवस्था चित्र गर्ने उल्लेख गर्नुभयो । उहाँले समाजमा सकारात्मक परिवर्तनका लागि कला, साहित्वको महत्तपूर्ण योगदान रहने धारणा राख्नुभयो । रासस

# कोहलपुरमा अतिक्रमण हटाउन शुरु

नेपालगञ्ज । बाँकेको कोहलपुर नगरपालिका क्षेत्रमा सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण हटाउन सुरु गरिएको छ । नगरप्रमुख पूर्णप्रसाद आचार्यले सुकुमवासीका नाममा जग्गा अतिक्रमण गरी बसोबास गरेकालाई हटाउन सुरु गरिएको जानकारी दिनुभयो ।

हालसम्म नगरपालिकाको सम्पर्कमा ६० परिवार वास्तविक भूमिहीन सुकुमवासी आएको र उनीहरूको व्यवस्थापनका लागि होल्डिङ सेन्टरमा अस्थायी बसोबासको व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो ।

नगरप्रमुख आचार्यका अनुसार वडा नं ११ स्थित कोहलपुर नगर विकास समितिको कोहलपुर ३ (ख) अन्तर्गत करिब ३६ बिघा क्षेत्रफल (क्रिकेट मैदान आसपास) जग्गा अतिक्रमण गरी सात साय ५१ परिवार घरटहरा बनाएर बसिरहेका छन् । तीमध्ये अव्यवस्थित बासोबासी चार सय १६, भूमिहीन दलित एक




सय ७२ र भूमिहीन सुकुमवासी एक सय ६३ जना रहेको उहाँले बताउनुभयो ।

"बस्ती विकास तथा बसोबासका क्रममा केही व्यक्ति तथा विचौलियाको संलग्नतामा नक्कली कागजात तयार गर्ने, जग्गा किनबेच गराउने तथा आर्थिक लाभ लिने गतिविधि भएको भनेर उजुरी पनि आएका छन् । सो सम्बन्धमा सम्बन्धित निकायबाट अनुसन्धान जारी छ", उहाँले भन्नुभयो ।

यसैबीच, नगर क्षेत्रका सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण गरी वर्षौंदेखि बसोबास गर्दै आएका वास्तविक सुकुमवासी तथा भूमिहीन दलितको पहिचान गर्न सुरु गरिएको छ । नगरपालिकाले एउटा अभिलेख व्यवस्थापन समिति गठन गरेर घरधुरीको अवस्था, बसोबास अवधि, आर्थिक अवस्था, अन्यत्र जग्गाजमिन भए नभएकोलगायत विषय अध्ययन गरिरहेको छ ।

त्यहाँ बसिरहेका परिवारको तथ्याङ्क सङ्कलन तथा कागजात प्रमाणीकरणको काम अघि बढाएको समितिका संयोजक सुनिता सुनारले जानकारी दिनुभयो । केही व्यक्तिले आफूलाई भूमिहीन दाबी गरे पनि अन्यत्र घरजग्गा रहेको तथ्य भेटिए त्यस्ता व्यक्तिलाई सूचीबाट हटाइने उहाँले बताउनुभयो ।

"गत वर्ष उक्त स्थानका सात सय ५१ जना भूमिहीन सुकुमवासी र भूमिहीन दलितले फाराम भरे पनि पहिचान गर्दा भूमिहीन दलित एक सय ५३ जना र भूमिहीन सुकुमवासी एक सय ४१ जना रहेका छन्", संयोजक सुनारले भन्नुभयो । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# छोटी भन्सार हटाउँदा तस्करी बढ्ने

अर्थ मन्त्रालयले भारतीय सीमासित जोडिएका मधेश प्रदेश लगायत तराई मधेशको कयौं जिल्लामा रहेका छोटी भन्सारलाई बन्द गरेको छ ।छोटी भन्सार कार्यालय बन्द हुँदा कयौं जिल्लामा मालसमान महँगो हुने भएको छ ।छोटी भन्सार हुँदै साना व्यवसायीहरुले भारतबाट मालसामान ल्याउने गरेका थिए ।उनीहरुले भन्सार काटेर मालसामान ल्याउँदा राजस्व पनि संकलन भइरहेको थियो ।छोटी भन्सारबाट सरकारले अपेक्षा गरेको अनुपातमा राजस्व संकलन नभएको बताइएको छ ।तर त्यसले आम नागरिकलाई राहत भइरहेको थियो ।भारतबाट दैनिक उपभोग्य लगायतका धेरै मालसमानहरु नेपाल आउने गरेको छ ।ती समानहरु छोटी भन्सारबाट ल्याउँदा त्यसमा लाग्ने राजस्व पनि तिर्ने गरिएको छ ।यसले जिल्लाहरुमा ढुवानी खर्चको लागत कम भएको छ ।सरकारले खुल्ला राखेको भन्सार कार्यालयहरुबाट मालसामान ढुवानी गर्दा कयौं जिल्लामा अन्य जिल्लाबाट ल्याउनु पर्ने बाध्यता भएको छ ।यसले मालसमानको ढुवानी खर्च बढ्नु स्वभाविक हो ।त्यसको प्रभाव सोझै सामानको मूल्य पर्न जान्छ ।नेपालमै जिल्ला जिल्लामा मालसामानको मूल्य फरक पर्ने भएपछि त्यसले समग्रमा बजारलाई नराम्ररी प्रभावित गर्ने छ ।बजारमा असन्तुलन हुने र तस्करी बढ्ने छ ।छोटी भन्सारबाट मालसामान ल्याउने व्यवसायीहरुले अब तस्करहरु(कैरियर)मार्फत मालसामान मगाउने छन् ।सरकारले तस्करी रोक्न गरिरहेको प्रयासलाई छोटी भन्सार हटाउदा प्रतिकूल प्रभाव पर्नेछ ।जिल्लाका साना व्यवसायी र उपभोक्ता दुबै मारमा पर्ने छन् ।अधिकांश छोटी भन्सार कार्यालय मधेश प्रदेशका जिल्लाहरुमा रहेका छन् ।तर अब ती सबैलाई सरकारले बन्द गरिदिएको छ ।छोटी भन्सार बन्द भएसँगै तस्करीमा भारी बढोत्तरी हुनेछ ।सीमावर्ती बजारका बासिन्दाहरुले भारतबाट अवैध मार्ग भएर मालसामान ल्याउने छन् ।त्यो रोक्न सरकारले सीमा क्षेत्रमा तारवार नै लगाउनु पर्ने हुन्छ ।खुल्ला सीमाभरि प्रहरीले गस्ती गर्न हालको अवस्थामा सम्भव छैन् ।हुन त प्रहरी नै तस्करीको लाइन दिने गरेको छ ।प्रहरीले दिने लाइनबाट नै तस्करी हुने गरेको छ ।तस्करहरुले महिनावारी रुपमा प्रहरीलाई रकम बुझाउने गर्छन् ।तस्करहरुको कनेक्सन प्रदेशका प्रहरी हाकिमहरु सम्म रहेको कयौं घटनाबाट खुलासा भइसकेको छ ।प्रहरी अधिकृतहरुले तस्कर हरुसित घुमुवा मार्फत रकम असुल गर्दै आएका छन् ।छोटी भन्सार हुँदा सरकारले निर्धारण गरे अनुसारको राजस्व संकलन भइरहेको थियो ।तर अब छोटी भन्सार नै बन्द भइसकेपछि तस्करी बढ्ने छ ।सरकारले स्थानीय बासिन्दाहरुको समस्यालाई समेत दृष्टिगत गर्नु आवश्यक छ ।छोटी भन्सार कार्यालयको कारण पनि थोरै भए पनि तस्करी रोकिएको थियो ।छोटी भन्सार हटेसँगै तस्करी बढेको सजिलै देख्न सकिन्छ ।सरकारले छोटी भन्सार हटाउने भन्दा त्यसको प्रभावकारिता बढाउने कार्य गर्नु आवश्यक छ ।

# महँगीको मारमा नेपाली समाज : कारण, चुनौती र समाधान



सुजीत कुमार झा

नेपालको वर्तमान सामाजिक-आर्थिक अवस्थालाई सबैभन्दा बढी प्रभावित गरिरहेको विषयमध्ये 'महँगी' अहिले प्रमुख चुनौतीका रूपमा उभिएको छ। बिहान चिया पकाउन प्रयोग हुने चिनी र ग्याँसदेखि साँझ घर फर्किँदा चढिने सार्वजनिक यातायातसम्म, हरेक क्षेत्रमा मूल्यवृद्धिको प्रत्यक्ष असर देखिन थालेको छ। बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य लगातार बढ्दै जाँदा आम नागरिकको जीवनशैली मात्र प्रभावित भएको छैन, भविष्यप्रतिको विश्वाससमेत कमजोर बन्दै गएको छ।

सीमित आम्दानी र निरन्तर बढ्दो खर्चबीचको असन्तुलनले गर्दा अहिले धेरै नेपाली परिवार आर्थिक दबाबमा छन् । मासिक तलबले घरखर्च धान्न कठिन हुँदै गएको छ। मध्यमवर्गीय परिवारहरू, जो कुनै समय सामान्य रूपमा जीवनयापन गरिरहेका थिए, अहिले शिक्षा, स्वास्थ्य र खाद्यान्नको खर्च व्यवस्थापन गर्न संघर्षरत देखिन्छन् । निम्न वर्गको अवस्था अझ पीडादायक छ। दैनिक ज्यालादारी गरेर गुजारा चलाउने परिवारका लागि महँगी मात्रै आर्थिक समस्या होइन, अस्तित्वको संकट बन्दै गएको छ।

### भूराजनीतिक असर र आयातमूखी अर्थतन्त्र

नेपालको अर्थतन्त्र मुख्यतः आयातमा आधारित भएकाले अन्तर्राष्ट्रिय बजारमा हुने उतारचढावको प्रत्यक्ष प्रभाव यहाँ देखिन्छ । विशेषगरी पेट्रोलियम पदार्थको मूल्यवृद्धिले सम्पूर्ण बजार प्रणालीलाई प्रभावित गर्छ । पछिल्ला वर्षहरूमा पश्चिम एसिया (मध्यपूर्व) मा देखिएको युद्ध, तनाव र राजनीतिक अस्थिरताले अन्तर्राष्ट्रिय तेल बजार अस्थिर बनेको छ।

नेपालले पेट्रोलियम पदार्थ पूर्ण रूपमा आयात गर्छ। जब अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्छ, त्यसको असर ढुवानी क्षेत्रमा पर्छ । ढुवानी महँगो भएपछि खाद्यान्न, तरकारी, फलफूल, लत्ताकपडा र निर्माण सामग्री सबैको मूल्य बढ्छ । यसरी हजारौँ किलोमिटर टाढा भएको युद्ध वा राजनीतिक द्वन्द्वको असर नेपाली जनताको भान्सासम्म आइपुग्छ।


तर समस्या बाह्य कारणले मात्र होइन । यदि देशको आन्तरिक उत्पादन बलियो हुन्थ्यो भने बाह्य असरको प्रभाव केही कम गर्न सकिन्थ्यो। दुर्भाग्यवश नेपालमा उत्पादनको अवस्था कमजोर हुँदै गएको छ।

### उत्पादन घट्दै, परनिर्भरता बढ्दै

नेपाललाई कृषिप्रधान देश भनिए पनि वास्तविकता फरक हुँदै गएको छ। पछिल्ला वर्षहरूमा खाद्यान्नदेखि तरकारीसम्मका वस्तुमा आयात निर्भरता बढेको छ। यसको मुख्य कारण जनशक्तिको पलायन हो। लाखौँ युवा वैदेशिक रोजगारीका लागि विदेशिएका छन्। गाउँका खेतबारी बाँझै छन्। खेती गर्ने जनशक्ति अभाव हुँदा उत्पादन घटेको छ।

अर्कोतर्फ, कृषि क्षेत्र अझै आधुनिक बन्न सकेको छैन। समयमा मल नपाउने, सिँचाइको अभाव, उन्नत बीउबिजनको कमी र बजारको अनिश्चितताले किसान निराश छन् । लागत बढिरहेको छ, तर उत्पादनको उचित मूल्य किसानले पाउन सकेका छैनन् ।

औद्योगिक क्षेत्रको अवस्था पनि उत्साहजनक छैन । ऊर्जा संकट, नीतिगत अस्थिरता, भ्रष्टाचार र कमजोर पूर्वाधारका कारण स्वदेशी उद्योगहरू टिक्न संघर्ष गरिरहेका छन् । जब देशभित्र पर्याप्त उत्पादन हुँदैन, तब आयात बढ्छ । आयात बढेसँगै विदेशी मुद्रा बाहिरिन्छ र बजारमा मूल्यवृद्धि चर्किन्छ।




### बिचौलियाको जालो

नेपालको बजार व्यवस्थामा बिचौलियाको प्रभाव अत्यन्त गहिरो छ। किसानले खेतमा उत्पादन गरेको वस्तुको मूल्य निकै कम पाउँछन्, तर उपभोक्ताले त्यही वस्तु बजारमा धेरै महँगो मूल्यमा किन्नुपर्छ। किसान र उपभोक्ताबीचको ठूलो मूल्य अन्तर बिचौलियाको नाफामा रूपान्तरण हुन्छ।

कतिपय अवस्थामा कृत्रिम अभाव सिर्जना गरेर वस्तुको मूल्य बढाइन्छ। व्यापारीहरूले सामान भण्डारण गरेर बजारमा अभाव देखाउने र पछि चर्को मूल्यमा बिक्री गर्ने प्रवृत्ति पनि बढेको छ। यस्तो अवस्थामा सरकारी अनुगमन प्रभावकारी हुन सकेको छैन । बजार अनुगमन प्रायः चाडपर्वका बेला मात्र सक्रिय देखिन्छ, तर नियमित नियन्त्रणको अभाव छ।

यसले गर्दा उपभोक्ताले गुणस्तरहीन र म्याद गुज्रिएका वस्तुसमेत महँगो मूल्यमा किन्न बाध्य हुनुपरेको छ।

### भ्रष्टाचार र नीतिगत कमजोरी

महँगीको अर्को ठूलो कारण भ्रष्टाचार हो। भन्सार, ढुवानी, ठेक्कापट्टा र सरकारी आपूर्ति प्रणालीमा हुने अनियमितताले वस्तुको लागत अनावश्यक रूपमा बढाउँछ । यो अतिरिक्त खर्च अन्ततः उपभोक्ताले तिर्नुपर्छ।

भ्रष्टाचारले बजारमा निष्पक्ष प्रतिस्पर्धा कमजोर बनाउँछ। केही सीमित समूहले बजार नियन्त्रण गर्न थाल्छन्, जसले एकाधिकारको अवस्था सिर्जना गर्छ। जब बजार केही व्यक्तिको नियन्त्रणमा जान्छ, मूल्य नियन्त्रण गर्न झन् कठिन हुन्छ।

नीतिगत अस्थिरता पनि अर्को समस्या हो । सरकार फेरिँदा नीति फेरिन्छ। दीर्घकालीन आर्थिक रणनीति अभावले लगानीकर्तामा अन्योल बढेको छ। उद्योग, कृषि र व्यापार क्षेत्र स्थिर नीति खोजिरहेका छन्, तर राजनीतिक अस्थिरताले त्यो सम्भव हुन सकेको छैन।

### महँगीको सामाजिक प्रभाव

महँगी मात्रै आर्थिक समस्या होइन, यसको गहिरो सामाजिक र मानसिक प्रभाव पनि छ। पहिलो असर समाजमा असमानता बढ्नु हो। धनी वर्गले महँगीको असर सहजै झेल्न सक्छ, तर निम्न र मध्यम वर्गका लागि यो जीवन-मरणको प्रश्न बन्छ। यसले समाजमा 'हुने' र 'नहुने' बीचको दूरी झन् बढाउँछ।

दोस्रो, मानसिक तनाव । घरखर्च धान्ने चिन्ता, छोराछोरीको शिक्षा खर्च, स्वास्थ्य उपचारको समस्या–यी सबैले मानिसहरूमा तनाव, निराशा र पारिवारिक द्वन्द्व बढाइरहेका छन् ।

तेस्रो, सामाजिक अपराधको जोखिम । जब आधारभूत आवश्यकता पूरा गर्न कठिन हुन्छ, तब समाजमा चोरी, ठगी र अन्य अनैतिक गतिविधि बढ्ने सम्भावना रहन्छ।

### प्राकृतिक विपत्ति र आपूर्ति संकट

नेपाल भौगोलिक रूपमा संवेदनशील देश हो । बाढी, पहिरो, डुबान र सुक्खाजस्ता विपत्तिले आपूर्ति प्रणालीमा प्रत्यक्ष असर गर्छ । सडक अवरुद्ध हुँदा बजारमा सामानको अभाव हुन्छ र मूल्य बढ्छ।

जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा समेत असर परेको छ। कहिले अत्यधिक वर्षा, कहिले लामो खडेरी–यी समस्याले उत्पादन घटाइरहेका छन् । भण्डारण र आपूर्ति व्यवस्थापन कमजोर हुँदा विपत्तिको समयमा महँगी झन् चर्किने गरेको छ।

### समाधानको बाटो

महँगी नियन्त्रणका लागि मात्रै अस्थायी हस्तक्षेप पर्याप्त हुँदैन। दीर्घकालीन रणनीति आवश्यक हुन्छ।

सबैभन्दा पहिले आन्तरिक उत्पादन बढाउनुपर्छ। कृषिमा आधुनिकीकरण, युवालाई स्वदेशमै रोजगारी, बाँझो जमिनको उपयोग र उद्योगमैत्री वातावरण निर्माण गर्नुपर्छ।

दोस्रो, बजार व्यवस्थापन प्रभावकारी बनाउनुपर्छ। किसान र उपभोक्तालाई प्रत्यक्ष जोड्ने सहकारी बजार प्रणाली विकास गर्न सकिन्छ । बिचौलिया र कालोबजारीविरुद्ध कडा कारबाही आवश्यक छ।

तेस्रो, भ्रष्टाचार नियन्त्रण । पारदर्शी आपूर्ति प्रणाली र डिजिटल निगरानीमार्फत चुहावट रोक्नुपर्छ।

चौथो, वैकल्पिक ऊर्जा प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ । विद्युतीय सवारी, इन्डक्सन चुल्हो र नवीकरणीय ऊर्जाको प्रयोग बढाउन सके इन्धन आयातको दबाब घट्न सक्छ।

पाँचौँ, निम्न आय भएका परिवारका लागि सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी बनाउनुपर्छ। सहुलियत पसल, खाद्य सुरक्षा कार्यक्रम र लक्षित राहत योजनाले कमजोर वर्गलाई राहत दिन सक्छ।

### नागरिकको भूमिका पनि आवश्यक

महँगी नियन्त्रणमा नागरिकको भूमिका पनि महत्वपूर्ण हुन्छ । स्थानीय उत्पादन प्रयोग गर्ने, अनावश्यक सञ्चय नगर्ने र बजारमा हुने ठगीविरुद्ध आवाज उठाउने संस्कार आवश्यक छ।

आज समाजमा देखावटी खर्च र प्रतिस्पर्धी जीवनशैली पनि बढेको छ । आम्दानीभन्दा बढी खर्च गर्ने प्रवृत्तिले आर्थिक दबाब बढाइरहेको छ । त्यसैले मितव्ययी र सन्तुलित जीवनशैली आजको आवश्यकता हो।

अन्त्यमा महँगी अहिले नेपालको सबैभन्दा गम्भीर सामाजिक-आर्थिक चुनौती बनेको छ । यदि समयमै प्रभावकारी कदम चालिएन भने यसले आर्थिक संकट मात्र होइन, सामाजिक अस्थिरता पनि निम्त्याउन सक्छ।

समस्या जटिल भए पनि समाधान असम्भव छैन । बलियो राजनीतिक इच्छाशक्ति, पारदर्शी शासन, उत्पादनमुखी अर्थतन्त्र र जिम्मेवार नागरिक चेतनाबाट मात्र यो संकट कम गर्न सकिन्छ।

समृद्ध नेपालको सपना त्यतिबेला मात्र सार्थक हुन्छ, जब आम नागरिकले सम्मानजनक जीवन बाँच्न सक्ने अवस्था सिर्जना हुन्छ। महँगीको मारबाट जनतालाई राहत दिनु आजको राज्यको सबैभन्दा ठूलो दायित्व हो।

# शान्त जनकपुरको खोजी : ध्वनि प्रदूषण नियन्त्रण अब समयको माग



ई. सत्यनारायण साह

जनकपुरधाम केवल एउटा शहर मात्र होइन, यो आस्था, सभ्यता, संस्कृति र आध्यात्मिक चेतनाको केन्द्र हो। राजा जनक र माता जानकीको पवित्र भूमिको रूपमा परिचित जनकपुरधाम विश्वभर धार्मिक तथा सांस्कृतिक महत्व बोकेको नगरी हो। यहाँको परम्परा, संस्कार, मिथिला कला, गीत-संगीत र पर्वहरूले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने काम गरेका छन्। विवाह पञ्चमी, जानकी नवमी, रामनवमी, छठ, दशैं-तिहार जस्ता पर्वहरूका समयमा जनकपुरधामको सांस्कृतिक सौन्दर्य हेर्न हजारौं आन्तरिक तथा बाह्य पर्यटक आउने गर्छन्।

तर विडम्बना, शान्ति र आध्यात्मिकताको प्रतीक मानिने यही शहर आज क्रमशः ध्वनि प्रदूषणको चपेटामा पर्दै गएको छ। धार्मिक उत्सव, विवाह समारोह, राजनीतिक कार्यक्रम, सवारी साधनका अनावश्यक हर्न, लाउडस्पीकर, डिजे तथा पटाकाको अत्यधिक प्रयोगले जनकपुरधामको मौलिक शान्त वातावरणमाथि गम्भीर प्रहार भइरहेको छ।

धार्मिक तथा सांस्कृतिक कार्यक्रम समाजको गौरव हुन्। तर जब उत्सवको नाममा असह्य ध्वनि उत्पादन हुन थाल्छ, तब त्यो संस्कृति होइन, विकृति बन्न पुग्छ। कुनै पनि आस्था वा उत्सव मानव कल्याणका लागि हुनुपर्छ, मानव स्वास्थ्य र सामाजिक शान्ति बिगार्ने माध्यम बन्नु हुँदैन। दुर्भाग्यवश अहिले जनकपुरधाम लगायत देशका अधिकांश शहरहरूमा "धेरै आवाज = धेरै रमाइलो" भन्ने गलत मानसिकता विकास हुँदै गएको देखिन्छ।

### ध्वनि प्रदूषण : अदृश्य तर घातक समस्या

ध्वनि प्रदूषणलाई प्रायः मानिसहरूले सामान्य समस्या ठान्ने गर्छन्। किनकि यो धुलो वा धुवाँ जस्तो देखिँदैन। तर यसको असर मानव स्वास्थ्यमा अत्यन्त गम्भीर हुन्छ। विश्व स्वास्थ्य संगठन (WHO) ले ध्वनि प्रदूषणलाई मानव स्वास्थ्यका लागि खतरनाक वातावरणीय समस्यामध्ये एक मानेको छ।

### ध्वनि प्रदूषण के हो ?

ध्वनि प्रदूषणलाई अनावश्यक आवाजको रूपमा परिभाषित गरिएको छ जसले वातावरण माथि नकारात्मक प्रभाव पार्दछ। तीब्र आवाज अवांछित हुन सक्छ किनभने यो चर्को, विचलित, वा कष्टप्रद हुन्छ। ध्वनी प्रदूषणलाई मानव, वन्यजन्तु वा वनस्पतिको जीवनचक्रलाई बाधा दिने वा हानी गर्ने, सामान्य स्थितिमा उथलपुथल ल्याउने अनावश्यक आवाजको रूपमा लिन सकिन्छ। यद्यपि आवाजले हामीलाई वरिपरि घेरेपानी, ध्वनि प्रदूषणलाइ सामान्यतया पानीको गुणस्तर र वायुमण्डलको गुणस्तरका समस्याहरू भन्दा कम ध्यान दिने प्रवृति देखिएको छ, किनभने यो हेर्न, स्वाद गर्न वा गन्ध महशुश गर्न सकिँदैन।

स्पेनको बार्सिलोना इन्स्टिच्युट फर ग्लोबल हेल्थका डा डेभिड रोजास अनुसार 'चर्को आवाजले केन्द्रीय स्नायु प्रणालीमा उत्तेजना उत्पादन गर्छ र यो उत्तेजनाले केही हर्मोन निस्कन्छ,' यसबाट उच्च रक्तचापको जोखिम बढाउँछ, र उच्च रक्तचापले हृदयाघात र सेरेब्रोभास्कुलर रोगहरू जस्तै इन्फ्रक्सन (हृदयघात) र स्ट्रोकसँग सम्बन्धित कुराहरुलाइ निम्त्याउछ'।

वास्तवमा वातावरणलाई प्रदुषण गर्न ध्वनी एउटा प्रमुख अव्यवको रुपमा छ। यसले भवनमा चिरा पार्ने देखि लिएर पुल भत्काउने क्षमता समेत राख्दछ, भने मानव शरीरमा मानसिक रोग, चर्म रोग तथा अन्य कतिपय रोगहरु निम्त्याउने प्रमुख कारण पनि वन्न सक्छ। यस सम्बन्धमा नोवेल पुरस्कार विजेता श्री रोवर्ट कोचले समेत "A day will come when man will have to fight merciless noise as the worst enemy of health" भन्ने अभिव्यक्ति दिएकाछन्।

### ध्वनिको मापन:

डेसिवल (dB) ध्वनी मापनको ईकाइ हो। यसले ध्वनीको चर्कोपनाको (Loudness) परिमाणलाई दर्शाउंछ । साधारण वार्तालापको माप ३० देखि ६० डेसिवल हुन्छ भने एउटा जेट विमान उड्ने वखतको ध्वनीको माप १६० डेसिवल भन्दा बढि हुन्छ। ध्वनीलाई उसको परिमाणको हिसावले निम्न प्रकारले बाड्न सकिन्छ।

०–१०– डेसिवल (dB) वहुतै कम मात्रामा सुन्न सक्ने ध्वनी
११–३० डेसिवल (dB) वहुतै स्यानो ध्वनी
३१–५० डेसिवल (dB) सामन्य ध्वनी
५१–७५ डेसिवल (dB) सामन्य भन्दा अलि चर्को ध्वनी
७५–१०० डेसिवल (dB) वहुतै चर्को ध्वनी
१०१–१०५ डेसिवल (dB) असामन्य रुपले चर्को ध्वनी
१२६– डेसिवल (dB) भन्दा बढि दर्दनाक ध्वनी

सामान्यतया DJ ले उत्पादन गर्ने ध्वनि १०० डेसिबल हुन्छ। तर कहिले काही यो सीमा नाघेका उदाहरणहरु पनि पाइन्छ।

नेपालको मानक तलको तालिकामा उल्लेख गरिएको छ।

**Table1: Noise Level Standard of Nepal (2069)**

| S. N. | Area | Noise Level dB(A) | |
|---|---|---|---|
| | | Day time | Night time |
| 1 | Silent Zone | 50 | 40 |
| 2 | Industrial Area | 75 | 70 |
| 3 | Business Area | 65 | 55 |
| 4 | Rural Residential Area | 45 | 40 |
| 5 | Urban Residential Area | 55 | 45 |
| 6 | Mixed Residential Area | 63 | 40 |

*Source: Nepal Rajpatra, Kartik 13, 2069*

यस्ता मानक बिभिन्न शहरले आफ्नो भौतिक स्थितिको आधारमा तोक्नेगरेको संसार भरिनै व्यवहारमा छ।

### अत्यधिक ध्वनिले मानिसमा:

मानसिक तनाव, उच्च रक्तचाप, अनिद्रा, चिडचिडापन, श्रवण शक्ति कमजोर हुने, मुटु सम्बन्धी समस्या, ध्ययन तथा कार्यक्षमतामा ह्रास जस्ता समस्या निम्त्याउन सक्छ।

विशेष गरी बालबालिका, वृद्धवृद्धा, बिरामी तथा विद्यार्थीहरू यसको बढी मारमा पर्ने गर्छन्। राति अबेरसम्म बज्ने डिजे र लाउडस्पीकरले कति नागरिकको निद्रा हराम भइरहेको छ भन्ने कुराको अनुभूति पीडित व्यक्तिहरूले मात्र गर्न सक्छन्।

### जनकपुरधामको बढ्दो समस्या

जनकपुरधाममा अहिले ध्वनि प्रदूषणको अवस्था अत्यन्त चिन्ताजनक बन्दै गएको छ। धार्मिक कार्यक्रमदेखि विवाह समारोहसम्म डिजे र माइकको प्रतिस्पर्धा चलिरहेको देखिन्छ। कतिपय अवस्थामा राति अबेरसम्म उच्च ध्वनिमा गीत-संगीत बजाइन्छ। अझ साँघुरा सडक र बाक्लो बस्तीका कारण आवाजको प्रभाव झन् तीव्र रूपमा फैलिन्छ।

सवारी साधन, विशेषगरी मोटरसाइकल चालकहरूको अनावश्यक हर्न बजाउने प्रवृत्तिले समस्या थप जटिल बनाएको छ। कतिपयले ठूलो आवाज आउने हर्न प्रयोग गर्नु प्रतिष्ठाको विषय जस्तो व्यवहार गर्न थालेका छन्।

यसका अतिरिक्त पार्टी प्यालेस, धार्मिक मञ्च तथा सार्वजनिक कार्यक्रमहरूमा ध्वनिको कुनै निश्चित मापदण्ड नअपनाउँदा सर्वसाधारण प्रत्यक्ष प्रभावित भइरहेका छन्। एउटै क्षेत्रमा एकै समयमा विभिन्न दिशाबाट बज्ने लाउडस्पीकरले संगीत होइन, असह्य कोलाहल सिर्जना गरिरहेको अवस्था छ।

धेरै विदेशी पर्यटकहरूले समेत जनकपुरधामको सांस्कृतिक सौन्दर्यप्रति आकर्षित भएर यहाँ आउने तर अत्यधिक ध्वनिका कारण असहज अनुभव गर्ने गरेका उदाहरणहरू प्रशस्तै छन्। कुनै पनि पर्यटकीय तथा धार्मिक शहरको पहिचान कोलाहल होइन, शान्त र व्यवस्थित वातावरण हुनुपर्छ।

### ध्वनि : मनोरञ्जन कि मानसिक यातना ?

गीत-संगीत मिथिला संस्कृतिको आत्मा हो। तर संगीतको उद्देश्य आनन्द दिनु हो, पीडा दिनु होइन। कसैको व्यक्तिगत उत्सवलाई लाउडस्पीकरमार्फत सम्पूर्ण समाजमाथि थोपर्नु कुनै पनि दृष्टिले उचित मान्न सकिँदैन।

आज ध्वनि प्रदूषण यति सामान्य बनाइएको छ कि यसको विरोध गर्नेलाई नै "सामाजिक विरोधी" जस्तो व्यवहार गरिन्छ। जबकि सभ्य समाजमा व्यक्तिगत स्वतन्त्रताको सीमा त्यहाँ समाप्त हुन्छ जहाँबाट अर्को व्यक्तिको अधिकार प्रभावित हुन थाल्छ।

राति बिरामी, वृद्धवृद्धा, विद्यार्थी वा साना बालबालिकाले आराम गर्ने अधिकार पनि त्यतिकै महत्वपूर्ण हो। सार्वजनिक जीवनमा अनुशासन र संवेदनशीलता बिना सभ्य समाज निर्माण सम्भव हुँदैन।

### कानुन किन आवश्यक छ ?

नेपालमा वातावरण संरक्षणसँग सम्बन्धित केही कानुनी व्यवस्था भए पनि ध्वनि प्रदूषण नियन्त्रणका लागि स्पष्ट, प्रभावकारी र कडाइपूर्वक कार्यान्वयन हुने नीति अझै कमजोर देखिन्छ।

ध्वनि प्रदूषण नियन्त्रणका लागि अब विशेष कानुनी व्यवस्था अपरिहार्य भइसकेको छ। सरकारलेः विभिन्न क्षेत्रका लागि ध्वनिको अधिकतम डेसिबल सीमा निर्धारण गर्ने, रातिको समयमा डिजे तथा लाउडस्पीकर प्रयोगमा कडाइ गर्ने, अस्पताल, विद्यालय, अदालत तथा धार्मिक क्षेत्रलाई "शान्त क्षेत्र" घोषणा गर्ने, सवारी साधनका अनावश्यक हर्नमाथि नियन्त्रण गर्ने, नियम उल्लंघन गर्नेलाई जरिवाना तथा कारबाहीको व्यवस्था गर्ने जस्ता कदम तुरुन्त चाल्न आवश्यक छ।

स्थानीय तहलाई पनि ध्वनि प्रदूषण अनुगमन तथा नियन्त्रणमा प्रभावकारी अधिकार दिनुपर्छ। केवल कानुन बनाएर मात्र पुग्दैन, त्यसको कार्यान्वयन पनि दृढ हुन आवश्यक छ।

### हरियाली र शहरी व्यवस्थापन

ध्वनि प्रदूषण नियन्त्रणका लागि हरियाली प्रवर्द्धन पनि प्रभावकारी उपाय हुन सक्छ। विभिन्न अध्ययनहरूले घना वृक्षरोपणले ध्वनि अवशोषण गरी आवाजको तीव्रता कम गर्न मद्दत गर्ने देखाएका छन्।

शहरका सडक किनार, सार्वजनिक स्थल तथा खाली जमिनहरूमा वृक्षरोपणलाई प्राथमिकता दिनुपर्छ। व्यवस्थित शहरी योजना, फराकिला सडक, हरित क्षेत्र तथा वैज्ञानिक ट्राफिक व्यवस्थापनले पनि ध्वनि प्रदूषण न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ।

जनचेतना अझ महत्वपूर्ण

कानुनभन्दा पनि महत्वपूर्ण कुरा नागरिक चेतना हो। जबसम्म समाज स्वयं सचेत हुँदैन, तबसम्म कुनै पनि नीति प्रभावकारी हुन सक्दैन।

हामीले आफ्नो खुशी मनाउँदा अरूको शान्ति खोस्नु हुँदैन भन्ने संस्कार विकास गर्न आवश्यक छ। धार्मिक आस्था, सामाजिक उत्सव तथा सांस्कृतिक कार्यक्रमलाई मर्यादित र व्यवस्थित बनाउन समाज स्वयं अग्रसर हुनुपर्छ।

विद्यालय, सञ्चार माध्यम तथा सामाजिक संस्थाहरूले पनि ध्वनि प्रदूषणका असरबारे व्यापक जनचेतना फैलाउन जरुरी छ।

### निष्कर्ष

ध्वनि प्रदूषण अहिलेको समाजले सामान्य रूपमा लिएको तर भविष्यका लागि गम्भीर संकट बन्दै गएको समस्या हो। यसले केवल मानव स्वास्थ्य मात्र होइन, सामाजिक समन्वय, मानसिक शान्ति र सभ्य वातावरणलाई समेत प्रभावित गरिरहेको छ।

जनकपुरधाम जस्ता धार्मिक तथा सांस्कृतिक शहरको मौलिक पहिचान शान्ति, सभ्यता र आध्यात्मिक वातावरण हो। यदि हामीले समयमै ध्वनि प्रदूषण नियन्त्रण गर्न सकेनौं भने भविष्यमा यस्ता शहरहरू केवल कोलाहल र अव्यवस्थाको प्रतीक बन्ने खतरा बढ्नेछ।

अब समय आएको छ–ध्वनि प्रदूषणलाई सामान्य समस्या होइन, सार्वजनिक स्वास्थ्य र सभ्य समाजसँग जोडिएको गम्भीर विषयका रूपमा लिनु पर्ने। सरकारले प्रभावकारी कानुन बनाओस्, स्थानीय निकाय सक्रिय बनून्, र नागरिक स्वयं जिम्मेवार बनून्। किनकि शान्त शहर नै सभ्य समाजको वास्तविक परिचय हो।

## 'सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनप्रति नेपाल प्रतिबद्ध छ'



काठमाण्डु । संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनप्रति नेपाल प्रतिबद्ध रहेको बताउनुभएको छ।

संयुक्त राष्ट्रसङ्घको प्रधानकार्यालयमा आज भएको दोस्रो अन्तरराष्ट्रिय आप्रवासन समीक्षा मञ्चको बहसमा उहाँले सुरक्षित एवं व्यवस्थित आप्रवासनमा जोड दिँदै आएको नेपाल प्रमुख श्रम आपूर्तिकर्ता राष्ट्रका भएकाले सुरक्षित र मर्यादित आप्रवासनका पक्षमा दृढ रहेको बताउनुभयो।

संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका अनुसार राजदूत थापाले करिब ४० लाख नेपाली आप्रवासी श्रमिकले श्रम गरेको मुलुकको अर्थतन्त्र तथा नेपालको विकासमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको उल्लेख गर्नुभयो। विप्रेषण, सीप र ज्ञान हस्तान्तरणमार्फत आप्रवासी नेपालीले नेपालको आर्थिक तथा सामाजिक विकासमा उल्लेखनीय भूमिका निर्वाह गरेका उहाँले बताउनुभयो।

उहाँले भर्ती प्रणाली, लैङ्गिक उत्तरदायी आप्रवासन नीति, सीप विकास, मानव बेचबिखन नियन्त्रण, सामाजिक सुरक्षा कोष तथा वैदेशिक रोजगार कल्याणकारी कोषमार्फत सामाजिक सुरक्षाको व्यवस्था र भर्ती सेवाको 'डिजिटल' प्रणालीकरणलगायत क्षेत्रमा नेपालले सुधारका विभिन्न पहल अघि बढाएको जानकारी दिनुभयो।

राजदूत थापाले अनियमित आप्रवासन, मानव बेचबिखन, श्रम शोषण तथा समन्वय अभावजस्ता चुनौती विद्यमान रहेका उल्लेख गर्दै ती समस्याको समाधानका लागि अन्तरराष्ट्रिय सहकार्य र साझा जिम्मेवारी आवश्यक भएकामा जोड दिनुभयो। रासस

# विधिद्वारा स्थापित पद्धति र परम्परा पालना हुनुपर्छः राष्ट्रपति

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले विधिद्वारा स्थापित पद्धति र परम्परा पालना हुनुपर्नेमा जोड दिनुभएको छ।

कानुन दिवस, २०८३ का अवसरमा आज सर्वोच्च अदालतले यहाँ आयोजना गरेको कार्यक्रममा राष्ट्रपति पौडेलले कानुन दोषीका लागि भय र निर्दोषका लागि आशा, भरोसा र सहारा हुनुपर्ने बताउनुभएको हो।

"सुशासन, अमन, शान्ति, समृद्धि र मर्यादाका लागि विधि र स्थिति औजार र उपचार दुवै हुन् भनेर सम्झने र बुझ्ने पुनित दिनलाई नै कानुन दिवसका रुपमा मनाइन्छ", राष्ट्रपति पौडेलले भन्नुभयो, "कानुन दिवसको यही मर्मलाई आत्मसात् गर्नसकेमात्र आत्मनिर्भर र समृद्ध नेपालको कल्पना गर्न सकिन्छ।"




राष्ट्रपति पौडेलले नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवं कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्यमान्यताप्रति प्रतिबद्ध प्रणालीको व्यवस्था गरेको उल्लेख गर्नुभयो।

साथै, उहाँले नेपालको संविधानको मर्म एवं वर्तमान आवश्यकताअनुरुप नयाँ कानुनको निर्माण र प्रचलित कानुनमा समसामयिक सुधार गरी आधुनिक पद्धति र प्रविधि समेतको प्रयोगबाट आमनागरिकको न्यायमा सहज पहुँच स्थापित गर्ने, मुद्दाको शीघ्र व्यवस्थापनमार्फत छिटोछरितो न्याय सम्पादन गर्ने गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "विधिको शासन कायम गर्ने तथा न्यायिक मूल्यमान्यताका क्षयीकरण हुन नदिइ न्यायपालिकाको जनआस्था अभिवृद्धि गर्ने सुनिश्चतताका लागि कानुन दिवसले सबैमा सकारात्मक सोच, हौसला र प्रेरणा प्रदान गर्न सकोस्।"

कार्यक्रममा कामु प्रधानन्यायाधीश सपनाप्रधान मल्लले कुनै पनि डर र प्रभावमा नपरी न्यायसम्पादन गर्न सम्पूर्ण न्यायाधीशलाई आग्रह गर्नुभयो। उहाँले आफूले न्यायका लागि लामो समयदेखि लड्दै आएको स्मरण गर्दै अझै न्यायको लडाइँ बाँकी रहेको बताउनुभयो।

संविधानको इमान्दारपूर्वक कार्यान्वयन गर्ने, विधिको शासनको पालना गर्ने र पालना गर्न कहीं चुकेमा समीक्षा गर्ने दिन पनि कानुन दिवस नै भएकाले आत्मसमीक्षा गर्नुपर्ने धारणा राख्नुभयो।

त्यस अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, संवैधानिक आयोगका प्रमुखहरु, कूटनीतिक नियोग तथा उच्चपदस्थ अधिकारीहरूको सहभागिता थियो।


नेपालको प्रधानन्यायालय ऐन, २००८ विसं २००९ वैशाख २६ गतेदेखि लागू भएको दिनको सम्झनामा प्रत्येक वर्ष वैशाख २६ को दिनलाई कानुन दिवसका रुपमा मनाइँदै आएको छ। रासस

# राष्ट्रियताका मुद्दामा सरकारलाई पार्टीको पूरा सहयोग हुन्छः सभापति थापा

सुदूरपश्चिम । नेपाली काङ्ग्रेसका सभापति गगनकुमार थापाले राष्ट्रियताका मुद्दामा सरकारलाई आफ्नो पार्टीको साथ र सहयोग रहने बताउनुभएको छ। पार्टी केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा आज धनगढीमा आयोजित 'प्रदेश र स्थानीय तह केन्द्रित प्रदेशस्तरीय' सुदूरपश्चिम प्रदेशस्तरीय भेलामा उहाँले शासन र अर्थतन्त्रमा सुधार तथा राष्ट्रिय हितका विषयमा सरकारलाई पूरा सहयोग रहने बताउनुभयो।

राष्ट्रियताका मुद्दामा काङ्ग्रेसले यो पार्टी त्यो पार्टी कहिल्यै नभनेको स्पष्ट पार्दै सभापति थापाले वर्तमान सरकारलाई पनि सोहीअनुसार सहयोग हुने, तर लोकतन्त्रका आधारभूत पक्षमाथि हुने गलत काम भने स्वीकार्य नहुने बताउनुभयो।

उहाँले लोकतन्त्रमा कानुनी वैधता नहेरेर नैतिक वैधतालाई हेर्नुपर्नेमा जोड दिनुभयो। "हिजो काङ्ग्रेस सरकारमा रहँदा संवैधानिक परिषद्मा आफ्नो अनुकूलताको निर्णय गराउन तत्कालीन उपसभामुखमाथि महाअभियोग प्रस्ताव लगाउन तयारी गरिएको थियो। हामीसँग सऱ्या र आधार पनि थिए, तर पनि महाअभियोगको विपक्षमा उभियौँ", सभापति थापाको भनाइ थियो।



उहाँले नेता कार्यकर्तालाई पराजित मानसिकता त्यागेर आआफ्नो जिम्मेवारीअनुसार सङ्गठनको काममा लाग्न निर्देशन दिनुभयो। सभापति थापाले गत निर्वाचनमा पार्टीका उम्मेदवारलाई असहयोग गर्ने नेता कार्यकर्तालाई केही समय जिम्मेवारीभन्दा बाहिर राखिने पनि उल्लेख गर्नुभयो।

पार्टीका उपसभापति एवं प्रशिक्षण प्रतिष्ठानका संयोजक विश्वप्रकाश शर्माले नवीन ऊर्जाका साथ पार्टीलाई सम्हालेर अघि बढ्ने समय आएको बताउनुभयो। उहाँले भन्नुभयो,"अब काङ्ग्रेसले नयाँ ढङ्गले सोच्नुपर्ने समय आएको छ। अब पार्टी मात्र होइन, समाजलगायत सबैलाई सम्हालेर साझा सङ्गठन बनाउने जिम्मेवारी आएको छ।"

महामन्त्री गुरुराज घिमिरेले पार्टीभित्र कसैप्रति कुनै आग्रह पूर्वाग्रह नराखेर पार्टी सङ्गठन एकीकृत र सुदृढ पार्दै अघि बढ्ने बताउनुभयो। पार्टीमा कुनै अवसर नपाए किनाराकृत गरिएका क्षमतावान् र निष्ठावान् नेता कार्यकर्ताको उचित मूल्याङ्कन गरिने पनि उहाँको भनाइ थियो।

कार्यक्रममा काङ्ग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलका नेता एवं मुख्यमन्त्री कमलबहादुर शाहले पार्टीलाई एक ढिक्का बनाएर लिनुपर्नेमा जोड दिनुभयो। उहाँले पार्टीमा महत्वपूर्ण योगदान गरेका पूर्वसभापति शेरबहादुर देउवालगायत नेताको सम्मानजनक अवस्थाका लागि ध्यान दिन पार्टी नेतृत्वलाई आग्रह गर्नुभयो।

नेपाली काङ्ग्रेस कैलालीका कार्यवाहक सभापति खेमराज चौधरीको सभापतित्वमा भएको कार्यक्रममा सहमहामन्त्री प्रकाश रसाइली स्नेहीले भेलाको औचित्यमाथि प्रकाश पार्नुभएको थियो। कार्यक्रममा पार्टीका सहमहामन्त्रीद्वय उदयशमशेर राणा, योगेन्द्र चौधरी, विभिन्न जिल्लाका सभापतिलगायत नेताहरूले सम्बोधन गर्नुभएको थियो।

दुईदिने उक्त कार्यक्रममा पार्टीको तर्फबाट प्रदेशसभा र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिसँग विविध विषयमा छलफल गर्न लागिएको जनाइएको छ। रासस

# विधिको शासनको कार्यान्वयनप्रति न्यायपालिका प्रतिबद्ध छः कामु प्रधानन्यायाधीश

काठमाण्डु।सर्वोच्चअदालतका कायम मुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले संवैधानिक सर्वोच्चता, स्वतन्त्र तथा निष्पक्ष न्यायपालिकाको मान्यता, नागरिकका हकअधिकारको संरक्षण तथा विधिको शासनको कार्यान्वयनप्रति न्यायपालिका निरन्तर प्रतिबद्ध रहेको बताउनुभएको छ।



शनिबार ७४औँ कानुन दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्नुहुँदै उहाँले संवैधानिक सर्वोच्चता, विधिको शासन, मौलिक अधिकार तथा मानव अधिकारको पूर्णरूपमा प्रत्याभूत गरी न्यायपूर्ण समाजको स्थापना गर्न सबैमा सकारात्मक सोच र भावना प्रदान गर्नुपर्ने बताउनुभएको छ।

"वर्तमान परिस्थितीमा अलिकति पनि विचलित नभई नेपालको संविधानले परिकल्पना गरेको संवैधानिक सर्वोच्चता, विधिको शासन, मौलिक अधिकार तथा मानव अधिकारको पूर्णरूपमा प्रत्याभूत गरी न्यायपूर्ण समाजको स्थापना गर्न कानून दिवसले सबैमा सकारात्मक सोच र भावना प्रदान गर्न सकोस् भन्ने कामनासहित कानून दिवसको सबैमा हार्दिक शुभकामना प्रदान गर्दछु।"

न्यायपालिकामा गरिने सुधारको विषय न्यायपालिकाको एकाङ्की विषय नभई न्यायपालिकाको स्वतन्त्रता एवं सुदृढीकरण राज्यका समस्त अङ्गहरूको साझा दायित्व भएको उल्लेख गर्दै उहाँले यस साझा दायित्वको निर्वाहमा सबैको एकजुट एवं समन्वयित प्रयास अपरिहार्य भएको बताउनुभएको छ। सन्देशमा भनुभएको छ, "न्यायपालिकाले रणनीतिक योजनामार्फत चालेका सुधारका कार्यमा न्यायाधीश, सरकारी वकिल तथा कानून व्यवसायी, न्यायपालिकामा कार्यरत कर्मचारीहरू लगायत सरोकारवाला निकाय एवम् संस्थाहरूको सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।"

संविधान, कानुन र न्यायका मान्य सिद्धान्तअनुरुप न्यायपालिकाले न्याय सम्पादन गर्दै आइहेको उल्लेख गर्दै उहाँले न्यायपालिकाले न्यायिक सुधारलाई संस्थागत र प्रभावकारी बनाउने उद्देश्यले विसं २०६१ सालदेखि रणनीतिक योजना तर्जुमा गरी क्रमिक रूपमा कार्यान्वयन गर्दै आएको बताउनुभयो।

"हाल पाँचौं पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको क्रममा छ, आर्थिक वर्ष २०८१/८२ मा उक्त योजनाका कार्यान्वयन सूचकहरू उत्साहजनक तथा सकारात्मक देखिएका छन्, जसबाट न्यायिक क्षेत्रका विभिन्न आयाममा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्। प्राप्त यी उपलब्धिहरूको संरक्षण, संस्थागत सुदृढीकरण तथा सुधार प्रक्रियामा थप प्रभावकारिता अभिवृद्धि गर्न न्यायपालिका दृढतापूर्वक प्रतिबद्ध रहेको", उहाँले भन्नुभयो।

नेपाल प्रधान न्यायालय ऐन, २००८ विसं २००९ साल वैशाख २६ गतेबाट लागू भएको दिनको सम्झनामा प्रत्येक वर्ष वैशाख २६ को दिनलाई कानुन दिवसको रुपमा मनाइँदै आएको छ। रासस

# वरिष्ठ नागरिकको ज्ञान र सीपबाट नयाँ पुस्ताले लाभ लिन सक्नुपर्छः राष्ट्रपति

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले समाजका वरिष्ठ नागरिकको ज्ञान र सीपबाट नयाँ पुस्ताले लाभ लिन सक्नुपर्ने बताउनुभएको छ। मनमोहन स्मृति प्रतिष्ठानले शनिबार यहाँ आयोजना गरेको ज्येष्ठ नागरिक अन्तरराष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै सो धारणा व्यक्त गर्नुभएको हो।

"ज्येष्ठ नागरिकले गरेका काम, कारबाहीका असल अभ्यासलाई पाठ्यक्रम अथवा अन्तर्क्रियामार्फत नयाँ पुस्ताले ग्रहण गर्न सक्छ भने शारीरिक दृष्टिले काम गर्न सक्ने तथा इच्छुक ज्येष्ठ नागरिकलाई सुहाउँदा काममा सरिक गराई उत्पादनसँग जोड्ने एवं राष्ट्रिय रूपमा उनीहरूसित सम्बन्धित विषयका नीति निर्माणमा र सामुदायिक तहका क्रियाकलापमा अनिवार्यरूपमा उनीहरूको प्रतिनिधित्व गराउने व्यवस्था गर्नुपर्दछ", राष्ट्रपति पौडेलले भन्नुभयो।




दीर्घकालीन सोचका साथ परिपक्व नीति र व्यावहारिक कार्ययोजना बनाएर कदम चाल्न सरकारलगायत सबैलाई उहाँले सुझाव दिनुभयो । राष्ट्रपति पौडेलले नेपालको जनसऱ्या पनि विस्तारै बुढ्यौलीतिर उन्मुख छ भन्नुभयो। "युवा तथा कामदार जनशक्तिलाई स्वदेशमै इच्छाएको रोजगारी प्रदान गर्न देशमा चुनौतीहरू छन्, यस्तो स्थितिमा ज्येष्ठ नागरिकहरूको प्रभावकारी तथा उत्पादनमूलक व्यवस्थापनका लागि अन्य देशबाट नेपालले पनि सिक्ने अवसर हुनेछ भन्नेमा म विश्वस्त छु", उहाँले भन्नुभयो।

स्वस्थकर सामग्री खानु, लाउनु र आवश्यक परेका अवस्थामा स्वास्थ्य उपचार सेवा पाउनु ज्येष्ठ नागरिकको हक भएको उहाँको भनाइ थियो। उहाँहरूले पनि उस्तै उमेरका वा अरू जोसुकैसित पनि अन्तर्क्रिया गर्ने एवं सकेसम्म परिवारमै स्थापित भएर जीवनयापन गर्न पाउनुपर्नेमा राष्ट्रपतिले जोड दिनुभयो। "सहरीकरण, युवा पुस्ताको वैदेशिक रोजगारी तथा पारिवारिक असहिष्णुता एवं अन्य कारणबाट जीवनका उत्तरार्धमा वरिष्ठ नागरिकका आँखामा आँसु आएका समाचारले जोसुकैको पनि मन भ्रवित पार्छ", राष्ट्रपति पौडेलले भन्नुभयो।

राष्ट्रपति पौडेलले सम्मेलन ज्ञान र सीपको अन्तर्पुस्ता हस्तान्तरण तथा जनसऱ्याको अवस्थाअनुसार अघिल्लो र पछिल्लो पुस्ताको समिश्रणको एक सेतु बन्न सकोस् भन्ने सुझावसहित सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्नुभयो।

दक्षिण एसियामै वामपन्थी राजनीतिका प्रथम निर्वाचित प्रधानमन्त्री मनमोहनजी सरल र सादगी नेता भएको उहाँको भनाइ थियो। "नेपालको प्रजातान्त्रिक आन्दोलनका सैद्धान्तिक प्रणेता बिपी कोइरालासँगै मनमोहनजी र अन्य कतिपय नेताले नेपालको मात्र नभएर भारतको समेत स्वाधीनता सङ्ग्राममा उल्लेख्य सहभागिता जनाउनु भएको थियो, त्यही भएर मनमोहनजीलगायतका नेताहरू नेपालमा मात्र नभएर मुलुक बाहिर पनि सम्मानित हुनुहुन्छ", उहाँले भन्नुभयो।

काङ्ग्रेस र कम्युनिष्टबीच सैद्धान्तिक मतभेद भए पनि नेपालमा निरङ्कुश पञ्चायतको अन्त्य गरेर बहुदलीय प्रजातन्त्र स्थापनाका लागि यी दुई शक्तिबीच सहकार्य आवश्यक छ भन्ने सोच भएका उदारवादी वामपन्थी मनमोहन अधिकारी भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले जनमत सङ्ग्रहमा कट्टरपन्थी कम्युनिष्टहरूको आलोचना खेपेर पनि बहुदलीय व्यवस्थाको पक्षमा जननायक बीपी, गणेशमान सिंह, किसुनजीसँगै उहाँले पुऱ्याउनुभएको योगदान स्मरणसहित हार्दिक श्रद्धासुमन प्रकट गर्नुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "विसं २०५१ मा उहाँकै प्रधानमन्त्रित्वको सरकारले वृद्धावस्थामा पुगेका नागरिकलाई नेपालमा पहिलोपटक मासिक वृद्धभत्ताको व्यवस्था गरेको स्मरण गर्दै राष्ट्रपति पौडेलले ज्येष्ठ नागरिक भनेको विगतमा राष्ट्रसेवा गरेको तथा हाल तुलनात्मक रूपमा बढी आधार भूत सुविधा चाहिने समाजको एक विशिष्ट वर्ग हो।" रासस

## कार्यसम्पादनमा समस्या भइरहेको छः प्रदेश प्रमुख मियाँ

कैलाली । सुदूरपश्चिम प्रदेश प्रमुख नजीर मियाँले न्यायसम्पादनमा ढिलाइ हुँदा कतिपय अवस्थामा कार्यसम्पादनमा समस्या हुने गरेको गुनासो रहेको बताउनुभएको छ।

शनिबार यहाँ मुख्य न्यायाधिवक्ताको सातौँ वार्षिक प्रतिवेदन बुझ्दै उहाँले छिटोछरितो न्यायसम्पादनको अवस्था बनाउनुपर्नेमा जोड दिनुभयो।

प्रदेश प्रमुख मियाँले सीमित स्रोतसाधनकाबीच पनि कार्यसम्पादन भइरहेकामा प्रशंसा गर्दै मुख्य न्यायाधिवक्तासहित सम्पूर्ण टोलीलाई अझै उच्च मनोबलसहित काम गर्न सुझाव दिनुभयो।

मुख्य न्यायाधिवक्ता ठेकेन्द्रराज जोशीले आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदन हस्तान्तरण गर्दै कार्यसम्पादनको अवस्थाबारे जानकारी गराउनुभएको थियो। उहाँले सर्वोच्च, उच्च तथा जिल्ला अदालतमा गरेका बहस पैरवी, जिल्लाका विद्यार्थीलाई दिइएको कानुनी साक्षरता र सचेतना, कारागार अनुगमन, अन्य प्रदेशबाट सिकिएका असल अभ्यास तथा स्थानीय तहका न्यायिक समितिलाई गरिएको प्रशिक्षण एवं अन्तरक्रियाबारे जानकारी गराउनुभयो।

मुख्य न्यायाधिवक्ता जोशीले प्रतिवेदनमार्फत आठवटै सुझाव पनि दिएकाले तिनको कार्यान्वयनमा सबै गम्भीर हुनुपर्नेमा जोड दिनुभयो। रासस

# पूर्वकर्मचारीको अनुभवले संस्थागत क्षमता थप सुदृढ हुन्छः महानिरीक्षक पौडेल

काठमाण्डु । नेपाल पूर्वसशस्त्र प्रहरी सङ्घले आज एक समारोहकाबीच सशस्त्र प्रहरीका नवनियुक्त महानिरीक्षक नारायणदत्त पौडेललाई आज बधाई तथा शुभकामना प्रदान गरेको छ।

नेपाल पूर्वसशस्त्र प्रहरी सङ्घका अध्यक्ष अवकाश प्राप्त सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणबाबु थापाले सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा आयोजित कार्यक्रममा सङ्घकोतर्फबाट बधाई तथा शुभकामना प्रदान गर्नुभएको हो।

कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले सशस्त्र प्रहरी बल, नेपाल र पूर्वसशस्त्र प्रहरी सङ्घबीचको सम्बन्ध केवल औपचारिक मात्र नभई अनुभव र ऊर्जाको इतिहास र वर्तमान, समर्पण र निरन्तरताका सम्बन्ध रहेको बताउनुहुँदै बहालवाला सङ्गठन र पूर्वसङ्गठनबीचको सम्बन्ध जति बलियो हुन्छ सङ्गठनको संस्थागत स्मृति, क्षमता र विश्वसनियता पनि त्यति नै सुदृढ हुँदै जानेसमेत उल्लेख गर्नुभयो।

महानिरीक्षक पौडेलले भन्नुभयो, "आज सङ्गठनले प्राप्त गरेको प्रतिष्ठा, जनविश्वास र संस्थागत पहिचान सहजै निर्माण भएको होइन यसको पछाडि अग्रजहरुको त्याग, बलिदान, सङ्घर्ष, समर्पण र व्यावसायिकताको लामो इतिहास जोडिएको छ त्यो इतिहासलाई भविष्य निर्माणको प्रेरणाको रुपमा ग्रहण गर्नुपर्दछ।"

उहाँले सङ्गठनको हित र छविसँग सम्बन्धित विषयमा पूर्वसङ्घको भूमिका अझ प्रभावकारी हुनुपर्नेमा जोड दिनुहुँदै सङ्गठनको हित, मनोबल र दीर्घकालीन प्रभावसँग सम्बन्धित विषयमा पूर्वसङ्घ सक्रिय हुने विश्वास व्यक्त गर्नुभयो।

सोही अवसरमा अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतले सङ्गठनमा विगतदेखि नै प्रत्येक नेतृत्वले उल्लेख्य कार्य गर्दै आइहेको बताउनुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलको कार्यकालमा सङ्गठनले आफ्ना विभिन्न क्षेत्रमा थप प्रगति हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा पूर्वसशस्त्र प्रहरी सङ्घका अध्यक्ष अवकाश प्राप्त सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणबाबु थापाले सङ्गठनमा नेतृत्व परिवर्तन नियमित प्रक्रिया रहेको उल्लेख गर्नुहुँदै यससँगै वृत्तिविकासको प्रक्रिया अघि बढ्ने बताउनुभयो।

कार्यक्रममा महानिरीक्षक पौडेललाई अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षकलगायत अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीले बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो। रासस

# अक्कल र सन्तोषीलाई उपाधि




नेपालगञ्ज । सन्तोषी श्रेष्ठले र त्रिभुवन आर्मी क्लबका अक्कल बहादुर पालले दोस्रो नेपालगञ्ज १० म्युजिक नाइट रनको उपाधि जितेका छन् ।

वर्ल्ड रनिङको आधिकारिक संस्था एसोसियसन अफ इन्टर नेसनल म्याराथन एण्ड डिस्टेन्स रेस (एम्स) बाट प्रमाणीकरण भएको रुटमा शनिवार राति १० किमी खुला रोड रेस भएको थियो।

पुरुषतर्फ अक्कलले ३२:१८:०० मिनेटमा निर्धारित दुरी पुरा गर्दै प्रथम हुँदा भुपेन्द्र सुनार दोस्रो भए । उनले ३३:०४:७७ मिनेटमा दुरी पुरा गरे । यसमा बाँके नरैनापुरका अरविन्द यादवले ३३:०८:०९ मिनेटमा पुरा गर्दै तेस्रो भए ।

महिला १०किमीतर्फ धादिङकी सन्तोषी ३९:० ९:०० मिनेटमा दुरी पुरा गर्दा बाँके कोहलपुरकी दीपशीखा शाही ४४:५८:१३ मिनेटमा पुरा गरी दोस्रो भइन् । यसमा बाँके नरैनारपुरकी गीता साहु ५२:२६:३० मिनेका साथ तेस्रो भए । गीता पहिलो संस्करणकी विजेता हुन् ।

संगीत र खेलकुदमार्फत सामाजिक एकता, स्वस्थ समाज र रात्रीकालीन बजारलाई प्रवर्द्धन गर्ने हेतुले आयोजित रोड रेसमा भेट्रान(४५बर्षमाथि) १०किमी तर्फको उपाधि बाँके खजुराका ५५ बर्षिय भरत श्रेष्ठले जिते । उनले ५१:०३:१७ मिनेटमा दुरी पुरा गरे ।

यसमा बर्दिया गुलरियाका ६९ बर्षिय पुष्कर विश्वकर्मा १:००:४४ समयका साथ दोस्रो र नेपालगञ्जका ६९ बर्षिय मंगले तामाङ १:०३:५९ समयका साथ तेस्रो भए

स्कुल स्तरीय ५ किमी दौडमा छात्रतर्फ समीर बस्नेत, बसन्त माझी र नरेश कुवँर पहिलो दोस्रो र तेस्रो भए भने छात्रातर्फ स्वस्तीका शाही, अप्सरा बम ठकुरी र जनदेवी महतारा शीर्ष तीन स्थानमा आए ।

विजेता खेलाडीलाई लुम्बिनी प्रदेश सभा सदस्य मीना श्रेष्ठ, लुम्बिनी प्रदेश खेलकुद परिषदका सदस्यसचिव तिरनदाज गौतम, पूर्व सदस्यसचिव भीम ओली, आयोजक क्रियटिभ गन्जका अध्यक्ष टीएस ठकुरी, पत्रकार महासंघ बाँकेका उपाध्यक्ष करुणा शाह लगायतले नगद तथा पदकबाट पुरस्कृत गरेका थिए ।

रात्रीकालीन बजारलाई प्रवर्द्धन गर्न आयोजना गरिएको म्युजिक नाइट रनमा राष्ट्रिय स्तरका गायक सुनिलसिंह ठकुरीले बेजोड सांगीतिक प्रस्तुति दिएका थिए । सार्थ इन्टिग्रेटेड स्कुलका छात्रछात्राले नृत्य प्रस्तुत गरेका थिए ।

# इरानले विश्वकप खेल्ने, अघि सार्‍यो १० सर्त

रासस/एएफपी । इरानको फुटबल सङ्घले सन् २०२६ को विश्वकपमा पुरुष राष्ट्रिय टोलीले भाग लिने शनिबार बताएको छ । इरानी टोलीले मध्यपूर्वमा रहेको युद्धलाई सङ्केत गर्दै आयोजकलाई आफ्ना केही सर्तलाई सम्बोधन गर्न तयार हुनुपर्ने पनि बताएको छ ।

इरानी सङ्घका अध्यक्ष मेहदी ताजको इरानको सेनाको वैचारिक शाखा इस्लामिक रिभोलुसनरी गार्ड कोर (आइआरजिसी) सँग सम्बन्ध रहेको भन्दै क्यानाडाले गत महिना फिफा कङ्ग्रेसमा सङ्घका प्रमुखलाई प्रवेश गराउन अस्वीकार गरेपछि देखिएको अन्योलबिच इरानको यो भनाइ आएको हो ।

जुन ११ देखि जुलाई १९ सम्म हुने प्रतियोगितामा इरानको उपस्थिति अमेरिका र इजरायलको आक्रमणपछि फेब्रुअरीमा मध्य पूर्वमा युद्ध सुरु भएदेखि अनिश्चितताबिच गुज्रेको थियो ।

"हामी सन् २०२६ को विश्वकपमा अवश्य सहभागी हुनेछौँ, तर आयोजकले हाम्रो चिन्तालाई मनन गर्नुपर्नेछ," इरानी महासङ्घले आफ्नो आधिकारिक वेबसाइटमा भनेको छ ।

विज्ञप्तिमा भनिएको छ, "हामी विश्वकप प्रतियोगितामा भाग लिनेछौं, तर हाम्रो विश्वास, संस्कृति र विश्वासबाट पछि हट्ने छैनौं ।"

इरानी फुटबल महासङ्घ (एफएफआइआरआई) का अध्यक्ष ताजले शुक्रबार सरकारी टेलिभिजनसँग भन्नुभयो, "तेहरानसँग विश्वव्यापी प्रदर्शनमा भाग लिनका लागि १० सर्त छन् ।"



सर्तहरूमा राष्ट्रिय टोलीका सबै कर्मचारीहरूलाई भिसा प्रदान गर्ने, सम्मान गरिनुपर्ने प्रतियोगिताको क्रममा टोलीको झन्डा र राष्ट्रिय गानको सम्मानका साथै विमानस्थल, होटल र स्टेडियमको मार्गमा उच्च सुरक्षाको माग समावेश गरिएका छन् ।

अमेरिकी विदेशमन्त्री मार्को रुबिओले प्रतियोगितामा इरानका फुटबलरलाई हार्दिकताका साथ स्वागत गरिने बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "अमेरिकाले आतङ्कवादी सङ्गठनको रूपमा घोषणा गरेका र अहिले पनि आईआरजीसीसँग सम्बन्ध भएका इरानी प्रतिनिधिमण्डलका सदस्यहरूलाई प्रवेशमा रोक लगाउन सक्छ ।"

इरानी फुटबल प्रमुख ताजले भन्नुभयो, "सबै खेलाडी र प्राविधिक कर्मचारीहरू, खासगरी इस्लामिक रिभोलुसनरी गार्ड कोर (आइआरजिसी) मा सैन्य सेवा गरेका मेहदी तारेमी र एहसान हजफीलाई बिना कुनै समस्या भिसा दिइनुपर्छ ।"


विश्व फुटबलको सर्वोच्च निकाय फिफा प्रमुख जियानी इन्फान्टिनोले विश्वकप फुटबलका इरानका खेलहरु निर्धारित तालिकाअनुसार नै अमेरिकामा हुने बताउनुभएको छ ।

विश्वकपका लागि एरिजोनाको टक्सनमा रहने इरानले समूह 'जी' मा न्युजिल्यान्ड, बेल्जियम र इजिप्टको सामना गर्नेछ ।

इरानले विश्वकपको आफ्नो पहिलो खेल जुन १५ मा लस एन्जलसमा न्युजिल्यान्डसँग खेल्नेछ ।

इरानले शनिबार भनेको छ, "कुनै पनि बाह्य शक्तिले इरानलाई योग्यताका साथ छनोट भएको कपमा सहभागी हुनबाट वञ्चित गर्न सक्दैन ।"

# पहिलो पटक 'स्कुल टु ओलम्पिक'



**टुडे समाचारदाता**

नेपालगञ्ज । नेपालगञ्जमा पहिलोपटक 'स्कुल टु ओलम्पिक' कार्यक्रम शनिवार आयोजना गरिएको थियो ।

नेपाल ओलम्पियन एसोसियसन, रेस नेपाल र क्रियटिभ गन्जको संयुक्त आयोजनामा भएको स्कुल टु ओलम्पिक कार्यक्रममा नेपालका सर्वाधिक सफल खेलाडी ओलम्पियन दीपक बिष्ट, ओलम्पियन देबु थापा, ओलम्पियन सन्तोषी श्रेष्ठ, साग दोहोरो स्वर्ण पदक विजेता दीपक श्रेष्ठ, साग स्वर्ण विजेता जुनु राई, पहिलो पुस्ताका ओलम्पियन सुरेन्द्र हमाल र पहिलो नेपाली महिला ओलम्पियन पार्वती थापाले विभिन्न स्कुलबाट सहभागी विद्यार्थीहरुसँग अन्तरक्रिया गरेका थिए ।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्व उपकप्तान एवं सन्चारकर्मी ममता थापाले सहजीकरण गरेको स्कुल टु ओलम्पिक कार्यक्रम निकै उत्प्रेरणामुलक र फलदायी रहेको थियो ।

स्कुल टु ओलम्पिक सफल पार्न योगदान गर्ने नेपालगन्ज उपमहानगरपालिका, होटल डायमन्ड प्यालेसका प्रबन्ध निर्देशक जीवनसिंह ठकुरी, केएल दुगड ग्रुपका सिईओ प्रदीप छाजेडलाई सम्मान गरिएको थियो ।

स्कुल टु ओलम्पिक कार्यक्रममा एन्जल्स स्कुल, नेपालगन्ज मोडल एकेडेमी, कन्या मावि सल्यानीबाग सहभागी थिए । स्कुल टु ओलम्पिक हरेक वर्ष बाँकेका विभिन्न पालिकाहरुमा आयोजना गरिने रेस नेपालले जनाएको छ ।

# जुम्लामा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डमा हिमा गाउँपालिका प्रथम

जुम्ला । जिल्लाको हिमा गाउँपालिका-२ स्थित ओदीमा सञ्चालन भएको १६औँ जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा हिमा गाउँपालिकाका प्रथम भएको छ । शुक्रबार भएको फाइनल खेलमा हिमाले २५ वटा स्वर्ण पदक प्राप्त गरी प्रथम भएको हो ।

चन्दननाथ नगरपालिकाले १४ वटा स्वर्ण पदक प्राप्त गरी दोस्रो स्थान हुँदा पातारासी गाउँपालिका पाँच स्वर्ण पदकसहित तेस्रो भएको हिमा गाउँपालिका खेलकुद तथा शिक्षा शाखा प्रमुख बमबहादुर शाहले जानकारी दिनुभयो ।

यसैगरी क्रमशः कनकासुन्दरी गाउँपालिका चौथो, सिंजा पाँचौं, तिला सातौं र तातोपानी गाउँपालिकाका आठौं भएका शाहले जानकारी दिनुभयो । यहाँका सातवटा स्थानीय तहबाट छनोट भएर आएका खेलाडी जिल्लास्तरीय रनिङ शिल्ड प्रतियोगितामा सहभागी भएका उहाँले बताउनुभयो ।

जिल्लास्तरीय रनिङ शिल्ड प्रतियोगितामा कराँते, उशु, तेक्वान्दो, भलिबल, एथलेटिक्स, कबड्डीलगायत खेल भएको हिमा गाउँपालिका अध्यक्ष लक्ष्मण शाहीले जानकारी दिनुभयो । जिल्लाका आठवटा स्थानीय तहमध्ये गुठीचौर गाउँपालिकाबाहेक सात स्थानीय तहले प्रतियोगितामा सहभागिता जनाएको गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाले जनाएको छ । रासस

# विश्व तापक्रम वृद्धि तीव्र बन्दै, समुद्री सतह लगातार बढ्दै



रासस/एएफपी । युरोपेली सङ्घ अन्तर्गतको जलवायु निगरानी निकायले शुक्रबार विश्वका महासागरहरूको सतही तापक्रम हालैका दिनहरूमा अत्यन्त उच्च स्तरको नजिक पुगेको चेतावनी दिएको छ। वैज्ञानिकहरूको भनाइअनुसार अहिलेको अवस्था सन् २०२४ मा देखिएको सबैभन्दा तातो समुद्री तापक्रमको रेकर्डभन्दा थोरै मात्र कम छ, र आगामी केही दिन वा हप्ताभित्रै नयाँ कीर्तिमान बन्न सक्ने सम्भावना बलियो बनेको छ।

युरोपेली मध्यम दूरी मौसम पूर्वानुमान केन्द्रकी जलवायु प्रमुख सामन्था बर्गेसले बताएअनुसार महासागरको सतह निरन्तर तातिँदै गएको छ र यसले विश्व जलवायु प्रणालीमा ठूलो परिवर्तनको सङ्केत दिइरहेको छ । उहाँले मे महिनामा मात्र पनि समुद्री तापक्रमले नयाँ ऐतिहासिक रेकर्ड तोड्ने सम्भावना उच्च रहेको बताउनुभएको छ ।

युरोपेली सङ्घअन्तर्गतको कोपरनिकस जलवायु परिवर्तन सेवाले अप्रिल महिनामा विश्वभर समुद्री तापक्रम क्रमशः बढ्दै गएको र यो हालसम्म मापन गरिएको दोस्रो सबैभन्दा उच्च स्तरमा पुगेको पुष्टि गरेको छ । विशेषगरी प्रशान्त महासागरदेखि उत्तर अमेरिकासम्म फैलिएको क्षेत्रमा समुद्री तातो लहर अत्यधिक रूपमा बढेको छ, जसले धेरै क्षेत्रमा जलवायु असन्तुलन सिर्जना गरेको छ।

यसैबीच, विश्व मौसम सङ्गठनले पनि 'एल निनो' अवस्था आगामी मेदेखि जुलाई महिनाभित्र विकसित हुन सक्ने चेतावनी दिएको छ । 'एल निनो' प्रशान्त महासागरको तापक्रम र वायुप्रवाहमा हुने प्राकृतिक परिवर्तन हो, जसले विश्वभर खडेरी, अत्यधिक वर्षा, आँधीबेहरी र अन्य चरम मौसम घटनाहरू बढाउने गर्छ ।

वैज्ञानिकहरूका अध्ययनअनुसार एल निनो मात्र अहिलेको तापक्रम वृद्धिको कारण होइन, तर मानव गतिविधिबाट उत्सर्जित हरितगृह ग्यासका कारण भइरहेको दीर्घकालीन ग्लोबल वार्मिङसँग मिलेर यसले पृथ्वीको तापक्रम अझ तीव्र रूपमा बढाइरहेको छ। यसकै प्रभावस्वरूप पछिल्लो एल निनो अवधिमा सन् २०२३ र २०२४ क्रमशः अहिलेसम्मकै दोस्रो र सबैभन्दा तातो वर्ष बनेका थिए ।

केही मौसम पूर्वानुमानहरूले आगामी एल निनो अझ शक्तिशाली हुन सक्ने अनुमान गरेका छन्, जसलाई तीन दशकअघिको अत्यन्त शक्तिशाली एल निनोसँग तुलना गर्न सकिन्छ ।

बर्कले अर्थ अनुसन्धान संस्थाका वैज्ञानिक जेक हाउसफादरका अनुसार यदि आगामी एल निनो शक्तिशाली भयो भने सन् २०२७ अहिलेसम्मकै सबैभन्दा तातो वर्ष बन्ने सम्भावना अझ बढ्नेछ ।

सामन्था बर्गेसले स्पष्ट पारेअनुसार अहिले नै यसको शक्ति कति हुनेछ भनेर निश्चित रूपमा अनुमान गर्न कठिन छ, किनभने वसन्त ऋतुमा गरिने पूर्वानुमानहरू प्रायः अनिश्चित हुन्छन् । तर उहाँले जोड दिँदै भन्नुभयो,"यसको प्रभाव भने विश्वव्यापी रूपमा स्पष्ट रूपमा महसुस हुनेछ ।"

उहाँका अनुसार एल निनोको चरम प्रभाव प्रायः यसको शिखर वर्षपछि देखिन्छ, जसले गर्दा आगामी वर्षहरूमा तापक्रम अझ बढ्ने सम्भावना रहन्छ ।

कोपरनिकसले मार्च र अप्रिल महिनामा समुद्री तापक्रम निरन्तर बढ्दै जानुले एल निनोतर्फको सङ्क्रमण सुरु भइसकेको सङ्केत गर्छ। वैज्ञानिकहरूका अनुसार अहिले देखिएको अत्यधिक तापक्रम केवल प्राकृतिक एल निनोका कारण मात्र होइन, तर जीवाश्म इन्धनको अत्यधिक प्रयोगका कारण भइरहेको दीर्घकालीन जलवायु परिवर्तनले पनि प्रमुख भूमिका खेलेको छ ।

अप्रिल महिनामा विश्वको औसत तापक्रम औद्योगिक क्रान्तिभन्दा पहिलेको (सन् १८५० देखि १९००) स्तरभन्दा १.४३ डिग्री सेल्सियस बढी मापन गरिएको थियो । त्यस्तै, आर्कटिक क्षेत्रको समुद्री बरफ पनि लगभग ऐतिहासिक न्यून स्तरको नजिक पुगेको छ, जसले पृथ्वीको जलवायु प्रणालीमा गहिरो असर देखाइरहेको छ ।

# सैनिक कारबाहीमा ५० जिहादी लडाकूको मृत्यु

रासस/एएफपी । नाइजेरियाको सेनाले लामो समयदेखि इस्लामिक विद्रोह चलिरहेको नाइजेरियाको उत्तरपूर्वी क्षेत्रमा यसै हप्ता भएको झडपमा कम्तीमा ५० जिहादी विद्रोहीको मृत्यु भएको जनाएको छ।

सन् २००९ देखि देशले बोको हराम र यसको विभाजित गुट इस्लामिक स्टेट पश्चिम अफ्रिका प्रान्त (आइएसडब्ल्युएपी) सँग लडिरहेको छ। उनीहरूले यस क्षेत्रमा इस्लामिक खलिफा स्थापना गर्ने बताउँदै आएका छन् ।

सेनाले बिहीबार बुनी गारी शहरमा रहेको आफ्नो २७ औं ब्रिगेडको मुख्यालय र योबे राज्यको नजिकैको सुरक्षा जाँचस्थलमा आइएसडब्ल्युएपीसँगको झडपका क्रममा जिहादी लडाकूहरू मारिएका बताएको छ।

"धेरै दिशाबाट ठूलो सङ्ख्यामा आतङ्ककारीहरूले अँध्यारोको फाइदा उठाउँदै स्थानीय समयअनुसार राति करिब २:०० बजे सुरु गरेको आक्रमणलाई विनाशकारी सशस्त्र आक्रमणलाई रणनीतिक प्रतिभा र सैनिकहरूको दृढ विश्वासले विफल पारिदिएको छ," आर्मले शुक्रबारको बयानमा भन्नुभयो ।

झडपमा कम्तीमा ५० जना आतङ्ककारीको मृत्यु भएको र ठूलो परिमाणमा हातहतियार र गोलाबारुद बरामद गरिएको छ भने दुई सैनिकको मृत्यु भएको सेनाले जनाएको छ। सेनाले सार्वजनिक गरेको एएफपीलाई प्राप्त तस्बिरहरूमा बरामद हातहतियार र गोलीगठ्ठासहित मृत शरीरहरू देखाइएको छ।

नाम नबताउने सर्तमा एक खुफिया स्रोतले आक्रमण र सेनाको प्रत्याक्रमणको पुष्टि गरेको छ। यद्यपि उक्त स्रोतले सेनातर्फ पनि क्षति भएको जनाएको छ।

अर्को गुप्तचर स्रोतका अनुसार मारिएका र घाइते भएका सैनिकलाई छ वटा एम्बुलेन्समा छिमेकी बोर्नो राज्यको राजधानी मैदुगुरी लगिएको छ।

बोको हराम र आइएसडब्ल्यएपीले हालैका महिनाहरूमा तुलनात्मक रूपमा शान्तिको अवधिपछि आक्रमणहरू बढाएका छन् ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि. सं. २०१५/०७/२५
स्वर्गारोहण : वि. सं. २०८३/०१/१५

स्व. अन्जु देवी झा

हाम्रो कम्पनीमा कार्यरत श्री अमित कुमार झाकी ममतामयी माता श्रीमती अन्जु देवी झाको असामयिक निधनको खबरले हामी सबै स्तब्ध भएका छौं र गहिरो दुःख व्यक्त गर्दछौं ।
यस दुःखद घडीमा, दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै, शोक सन्तप्त सम्पूर्ण परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् र यो असह्य पीडा सहेर अगाडि बढ्न सक्ने शक्ति प्राप्त होस् भनी हामी ईश्वरसँग प्रार्थना गर्दछौं ।

MAW KEEPING COMMITMENTS, BUILDING TRUST
एम ए डब्लु राईडर्स प्रा. लि. परिवार
YAMAHA RACING

# सहज हुँदै भैरहवा नाकाको भन्सार प्रक्रिया



सिद्धार्थनगर । अधिकतम खुद्रा मूल्य (एमआरपी) उल्लेख नभएका कारण रोकिएका आयातित विदेशी वस्तुको भन्सार प्रक्रिया सहज गराउन भन्सार विभागले पुनःसुरु गरेको छ ।

भैरहवा नाकामा केही दिनदेखि प्रभावित भएको आयात प्रणाली अहिले क्रमशः सहज बन्दै गएको भैरहवा भन्सार कार्यालयले जनाएको छ । भन्सार बिन्दुमै अनिवार्य रूपमा एमआरपी उल्लेख गर्नुपर्ने व्यवस्थाका कारण रोकिएको आयात प्रक्रिया विभागको नयाँ निर्णयपछि पुनः सञ्चालनमा ल्याएको हो ।

भन्सार विभागले आयातकर्ताले आयातित वस्तु बजारमा बिक्री-वितरण गर्नुअघि एमआरपी, ब्राण्ड, उपभोग्य मितिलगायतका विवरणसहितको लेबल टाँस्ने लिखित स्वघोषणा गरेमा तत्कालका लागि आयात अनुमति दिन सकिने व्यवस्था गरेको छ । उक्त निर्णयपछि रोकिएका सामान छुट्ने क्रम सुरु भएको भैरहवा भन्सार कार्यालयले जनाएको छ ।

भैरहवा भन्सार कार्यालयका प्रमुख हरिहर पौडेलले विभागबाट सहजीकरणसम्बन्धी जानकारी प्राप्त भएसँगै आयात प्रक्रिया पुनः सञ्चालनमा आएको बताउनुभयो । उहाँका अनुसार आयातकर्ताबाट भन्सार कार्यालयमै लिखित प्रतिबद्धतासहित स्वघोषणा गराई रोकिएका सामान धमाधम छुटाइँदैछ ।

भैरहवा भन्सार कार्यालयका सूचना अधिकारीले आयातकर्ताले आफ्नो गोदाममै एमआरपीलगायतका विवरणको लेबल टाँस्न पाउनुपर्ने माग राख्दै आएको र सोही आधारमा अहिले सहजीकरण गरिएको जानकारी दिनुभयो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको गत चैत ३० गतेको पत्रअनुसार वाणिज्य विभागले १५ दिने सूचना जारी गरेपछि वैशाख १४ गतेदेखि एमआरपी उल्लेख नभएका वस्तुको आयात भन्सारमै रोक्न थालिएको थियो । त्यसपछि भैरहवा नाकाबाट आयात प्रक्रिया प्रभावित बनेको थियो ।

आयातकर्ताले छोटो समयमा नियम लागू गरिएको, विदेशमा पहिले नै 'अर्डर' गरिएका सामानमा तत्काल लेबल टाँस्न नसकिने तथा कतिपय वस्तुमा भन्सार विन्दुमै एमआरपी टाँस्न व्यवहारिक कठिनाइ रहेको भन्दै आपत्ति जनाएका थिए । त्यसका कारण धेरै मालवाहक सवारीसाधन र सामान भन्सार तथा बाटोमै रोकिएको थियो । नेपाल भन्सार एजेन्ट सङ्घ, सिद्धार्थनगरका अध्यक्ष मधुप्रसाद पन्थीले अधिकतम खुद्रा मूल्य (एमआरपी)का कारण भैरहवा नाकामा ९०० भन्दा बढी मालवाहक गाडीका सामान रोकिएको जानकारी दिनुभयो ।

एमआरपी, ब्राण्ड र उपभोग्य मिति उल्लेख गर्ने नियमका कारण विशेषगरी चीन तथा तेस्रो मुलुकबाट बढी आयात हुने विराटनगर, वीरगञ्ज, तातोपानी र केरुङ नाका बढी प्रभावित हुनसक्ने व्यवसायीको भनाइ छ । भैरहवा नाका भने भारतसँगको औद्योगिक कच्चा पदार्थ तथा दैनिक व्यापारिक आयातका लागि प्रमुख नाका मानिन्छ । रासस

# रूपाकोटलाई नगरपालिकालाई 'कफी हब' बनाउने लक्ष्य

खोटाङ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका स्थानीय बासिन्दालाई उत्पादन र स्वरोजगारसँग जोड्ने उद्देश्यले 'उत्पादनमा उपप्रमुख महाभियान' कार्यक्रम सुरु गरिएको छ । नगरपालिकाले चालू आर्थिक वर्षका लागि रु एक करोड ५० लाख बजेट विनियोजन गरेर उत्पादनमा उपप्रमुख महाभियान कार्यक्रम सुरु गरेको हो ।

उत्पादनमा उपप्रमुख महाभियान कार्यक्रमअन्तर्गत कफीखेतीको सम्भावना रहेका वडाहरूको पहिचान गरेर किसानलाई कफीको बिरुवा निःशुल्क वितरण गर्दै प्राविधिक सहयोगसमेत उपलब्ध गराउने गरिएको छ । हरेक वडाका किसानलाई आफ्नै ठाउँमा स्वरोजगार बनाउँदै प्रतिवर्ष दश लाख किलोग्राम प्रशोधित कफी उत्पादन गर्ने लक्ष्यसहित उत्पादनमा उपप्रमुख महाभियान कार्यक्रम सुरु गरेको हो ।



महाभियानअन्तर्गत यो वर्ष नगरपालिकाभित्र कम्तीमा पनि आठ हेक्टर क्षेत्रफल जमिनमा २८ लाख कफीका बिरुवा रोप्ने तयारी गरिएको नगर उपप्रमुख विशन राईले बताउनुभयो । "हाम्रो मुख्य लक्ष्य भनेकै युवा शक्तिलाई गाउँमै रोजगारी दिनु हो । यो महाभियानले बाँझो जमिनको सदुपयोगसमेत गर्नेछ । स्थानीयको आयआर्जनमा पनि वृद्धि गर्छ । विशेषगरी वैदेशिक रोजगारीमा जाने युवालाई स्वदेशमै स्वरोजगारीको अवसर सिर्जना गर्नु छ", उहाँले भन्नुभयो, "कफीखेतीलाई व्यवसायिक रूपमा अगाडि बढाएर नगरलाई भविष्यमा 'कफी हब'को रूपमा विकास गर्ने योजना बनाइएको छ । नगरपालिकाले सुरु गरेको अभियानका कारण परम्परागत रूपमा वर्षौंदेखि कोदो, मकै र धानखेती गर्दै आएका किसानलाई व्यावसायिक कफीखेतीतर्फ आकर्षित भएका छन् ।"

नगरपालिकाले सञ्चालन गरेको उत्पादनमा उपप्रमुख महाभियानले आफूहरूलाई आत्मनिर्भर बनाउन र आर्थिक अवस्था सुधार्न कोशेढुङ्गा सावित हुने कृषकहरूले विश्वास व्यक्त गरेका छन् । नगरपालिकाले कफीको बिरुवा वितरण गर्नुअघि नै किसानलाई व्यावसायिक कफीखेतीसम्बन्धी प्राविधिक ज्ञान प्रदान गरिसकेको छ ।

नगरपालिकाको अभियानअनुसार अहिले कफी रोप्नका लागि किसानहरूले गाउँगाउँमा खाल्डा खन्ने काम धमाधम गरिरहेको नगरपालिकाले जनाएको छ । कफी रोप्नका लागि नगरपालिकाभित्रका किसानहरूले देखाएको सक्रियताले उत्पादनमा उपप्रमुख महाभियान कार्यक्रम सफल हुने सङ्केत देखाएको छ ।

नगरपालिकाले सञ्चालन गरेको उत्पादनमा उपप्रमुख महाभियानअन्तर्गत कफीको बिरुवा उत्पादन गर्ने नर्सरीमा रोजगारीसमेत पाएका छन् । गत वर्षदेखि सुरु गरिएको कफीखेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत वडा नं ६ नेर्पा र वडा नं १४ बुइपामा कफीको नर्सरी उत्पादन गरिएको छ ।

रोजगारीका लागि सहर वा विदेश जानुपर्ने बाध्यता रहेको अवस्थामा नगरपालिकाले सञ्चालन गरेको उत्पादनमा उपप्रमुख महाभियानले आफ्नै गाउँमा रोजगारी पाएको नेर्पाकी अञ्जना रिजालले बताउनुभयो । जिल्लाको सबैभन्दा ठूलो स्थानीय तह (पन्ध्र वडा रहेको) यो दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले गत वर्षबाट कफी प्रवर्द्धन कार्यक्रम सुरु गरेको हो ।

नगरपालिकाले सञ्चालन गरेको उत्पादनमा उपप्रमुख महाभियान कार्यक्रमले बाँझो जमिनलाई हराभरा बनाउने मात्र नभई स्थानीय अर्थतन्त्रमा समेत ठूलो टेवा पुर्‍याउने नगरप्रमुख राईले बताउनुभयो । "जब पाखाहरूमा कफी फल्न थाल्नेछ, तब नगरपालिकाको पहिचान केवल एउटा पहाडी सहरमा मात्र सीमित रहने छैन । यो नगरपालिकालाई कफी हबको रूपमा चिनिनेछ", उहाँले भन्नुभयो, "जिल्लामा कफीको माग अधिकमात्रामा बढेर गएको छ । कफीमा अहिले वार्षिक रु २० करोडभन्दा बढी पुँजी बाहिर पलायन हुन्छ । अबको केही वर्षभित्रै जिल्लाभरि कफीको मागलाई पूर्ति गर्ने नगरपालिकाको लक्ष्य छ ।"

व्यावसायिक कफीखेतीका लागि पकेट क्षेत्र निर्धारण गरेर गत वर्ष ८२ हजार बिरुवा किसानलाई निःशुल्क वितरण गरिएको नगरपालिकाले जनाएको छ । यो वर्ष २२ लाख कफीको बिरुवा निःशुल्क वितरण गर्ने योजनासहित करिब तीन लाख बिरुवा किसानलाई वितरण गरिसकिएको जनाइएको छ ।

पन्ध्र वडा रहेको यो नगरपालिकामा २८ हजार ७०३ हेक्टर खेतीयोग्य जमिन रहेकोमा एक करोड ४० लाख कफीका बिरुवा रोप्ने लक्ष्य राखिएको उपप्रमुख राईले जानकारी दिनुभएको छ । वार्षिक रु २० अर्बसम्म आम्दानी गर्ने उद्देश्यले यो वर्ष ५० लाख बेर्ना उत्पादन गर्ने तयारी गरिएको जनाइएको छ ।


कफीखेती प्रवर्द्धन कार्यक्रमका लागि नगरपालिकाभित्र ४४ वटा समूह बनाएर उत्पादनमा उपप्रमुख महाअभियान कार्यक्रम सञ्चालन गरिएको छ । समुद्री सतहबाट ८०० मिटरदेखि एक हजार ६०० मिटरसम्म जुनसुकै ठाउँमा पनि कफी उत्पादन हुने प्रमाणित भएपछि व्यवसायिक कफीखेती गर्नका लागि खाल्डो खन्न २० वटा ड्रिलिङ मेसिन उपयोगमा ल्याइएको छ ।

उत्पादनमा उपप्रमुख महाभियान कार्यक्रममा दैनिक ७०/८० जना स्थानीयले रोजगारीसमेत पाएका छन् । किसानले उत्पादन गरेका कफी यही प्रशोधन गर्नेगरी कफीखेती प्रवर्द्धन कार्यक्रम लागू गरिएको उपप्रमुख राईले जानकारी दिनुभयो ।

दश स्थानीय तह रहेको यो जिल्लाका सबैजसो स्थानीय तहले कफी तथा चिया प्रवर्द्धन कार्यक्रम लागू गरेका छन् । स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रमा उत्पादनमा आधारित कार्यक्रम लागू गरेपछि किसानसमेत उत्साहित बनेका छन् । रासस

# घुम्तीगोठबाट पर्यटकीयस्थलमा परिणत भएको दोभान

म्याग्दी । वरपर भिरालो पाखा । पाखाभरी जङ्गल । जङ्गलको पूर्व र उत्तरतर्फ अग्ला हिमालबीच भागमा समथर चौर । शान्त र एकान्त वातावरण । चराको चिरविर आवाज । घरपालुवा पशुहरूको घुम्ती गोठ ।



म्याग्दीको धवलागिरी गाउँपालिका-४ मा रहेको दोभान मनमोहक र रमणीय छ । करिब २० वर्षअघि बगरका बासिन्दाले बर्खायाममा घुम्ती पशुगोठ राख्ने थलोमा सिमित दोभान पछिल्लो समय धौलागिरि चक्रीय पदमार्गको गन्तब्यका रूपमा विकास हुन थालेको छ ।

समुन्द्री सतहदेखि तीन हजार मिटर उचाइमा रहेको दोभान पछिल्लो समय घुम्ती पशुगोठ राख्ने खर्कबाट पर्यटकीयस्थलमा रुपान्तरण भएको स्थानीयबासी लक्ष्मण घर्तीले बताउनुभयो ।

"धौलागिरि चौथोको फेदबाट बगेर आउने कुनावाङ र धौलागिरि पहिलोबाट आउने म्याग्दी नदी मिसिने भएकाले दोभान नामाकरण भएको यो ठाउँ केही वर्षअघिसम्म खर्कमा सिमित थियो," उहाँले भन्नुभयो, "धौलागिरि हिमाल आरोहण र चक्रीय धौलागिरि पदमार्ग भएर म्याग्दी हुँदै मुस्ताङ जाने पर्यटकले एकरात दोभानमा बिताउन थालेपछि पर्यटकीयस्थलका रूपमा विकास भएको छ ।"

दोभानदेखि एक दिनको पैदलयात्रापछि धौलागिरि हिमालको इटाली आधार शिविर र धौलागिरि चौथो हिमालको फेदमा रहेको कुनावाङ तालमा पुगिन्छ । गोलो आकारको कुनावाङ तालमा पातपतिङ्गर खसेमा चराले टिपेर सफा गर्दै आएको स्थानीय सोम पुनले बताउनुभयो । "कुनावाङ क्षेत्रमा जापानी अनुसन्धानकर्ताले हिममानवको बासस्थानको पनि अध्ययन गरिरहेका छन्," उहाँले भन्नुभयो "बगर हुँदै दोभान जोड्ने सडकको मार्ग खुलेपछि अझै चहलपहल बढेको छ ।"

दोभान नजिकैको पहाडमा मृग, झारल, घोरललगायत वन्यजन्तुको पनि अवलोकन गर्न पाइने पुनले बताउनुभयो । बस्तिदेखि टाढा रहेको दोभान प्रकृतिमा रमाउन चाहनेका लागि उपयुक्त गन्तब्य भएको आन्तरिक पर्यटक चिरन्जिवी पौडेलले बताउनुभयो । बसन्तयाममा लालीगुराँस फुलेर रंगिने वनपाखामा बर्खामा बुकी फुल्दा झनै मनमोहक हुन्छ ।

> दोभान नजिकैको पहाडमा मृग, झारल, घोरललगायत वन्यजन्तुको पनि अवलोकन गर्न पाइने पुनले बताउनुभयो । बस्ति देखि टाढा रहेको दोभान प्रकृतिमा रमाउन चाहनेका लागि उपयुक्त गन्तब्य भएको आन्तरिक पर्यटक चिरन्जिवी पौडेलले बताउनुभयो । बसन्तयाममा लालीगुराँस फुलेर रंगिने वनपाखामा बर्खामा बुकी फुल्दा झनै मनमोहक हुन्छ ।

दोभानमा पर्यटकको सुविधाका लागि दुई वटा होटल छन् । त्यहाँ ५० जना बास बस्न सक्छन् । रातो च्याउ, निगालोको टुसाका परिकारको स्वाद लिनपाइन्छ । म्याग्दीखोला जलविद्युत आयोजनाले बाँध निर्माणस्थल दोभानसम्म पहुँचमार्ग निर्माण गरेपछि त्यहाँ जिप र मोटरसाइकल पुग्न थालेका छन् ।

धौलागिरि चक्रीय पदमार्गको अन्तिम मानवबस्ती बगरदेखि दोभानस्थित बाँध निर्माण स्थलसम्म नौ किलोमिटर सडकको मार्ग खोलेपछि आवत जावत र ढुवानीमा सहज भएको छ यसअघि बगरदेखि दोभान पुग्न पुरै दिन भिर, जङ्गल र खोल्साको बाटो हिड्नुपर्ने थियो ।

बेनीदेखि पाँच घण्टामा दोभान पुग्न सकिने भएको छ । पछिल्लो समय विदेशी पर्यटकले मार्फादेखि आधार शिविर जाने पदमार्ग र हेलिकप्टर प्रयोग गर्न थालेपछि चहलपहल घटेको दोभानमा यातायात सुविधा पुगेपछि आन्तरिक पर्यटक घुम्नका लागि आउन थालेका छन् ।

**लुङ्गिनमा टोल विकास भवन निर्माण**

भोजपुरको लुङ्गिन क्षेत्रमा स्थानीयस्तरमा सामुदायिक विकासलाई थप सुदृढ बनाउने उद्देश्यले चार वटा टोल विकास संस्थाका भवन निर्माण सम्पन्न गरिएको छ । स्थानीय तहको पहल, बजेट विनियोजन तथा टोलबासीको सक्रिय सहभागितामा भवन निर्माण गरिएका हो ।

यी भवनले गाउँस्तरमा हुने विभिन्न सामाजिक, आर्थिक तथा विकाससम्बन्धी गतिविधि सञ्चालनमा महत्वपूर्ण टेवा पुर्‍याएका छन् । निर्माण गरिएका भवन अहिले टोलबासीका लागि साझा केन्द्रका रूपमा प्रयोगमा आएका छन् । विगतमा बैठक, भेला तथा विभिन्न कार्यक्रम सञ्चालन गर्न उपयुक्त स्थानको अभाव हुँदा समस्या झेल्दै आएकोमा अहिले सहजता भएको स्थानीयबासी विश्वहाङ राईले बताउनुभयो ।

भवन निर्माण पश्चात सहज रूपमा एउटै स्थानमा भेला भएर छलफल, योजना निर्माण तथा निर्णय प्रक्रियाअघि बढाउन सहजता भएको उहाँको भनाइ छ । यसले स्थानीय शासन प्रणालीलाई थप प्रभावकारी, पारदर्शी र सहभागितामूलक बनाउन भूमिका खेलेको राईले बताउनुभयो ।

भवन अभावका कारण विगतमा वर्षा, घाम वा अन्य प्रतिकूल अवस्थाका बेला बैठक सञ्चालन गर्न कठिनाइ हुने गरेको थियो । कतिपय अवस्थामा खुला स्थान वा निजी घरमा कार्यक्रम गर्नुपर्ने बाध्यता रहेको थियो । तर अहिले भवन निर्माण भएसँगै नियमित रूपमा बैठक, सचेतनामूलक कार्यक्रम, सरसफाइ अभियान, महिला तथा युवा लक्षित कार्यक्रम सञ्चालन हुन थालेका छन् ।

टोलबासीबीच छलफल र सहकार्यको वातावरण बढ्दै जाँदा साना-ठूला समस्या समाधानमा पनि सहजता आएको स्थानीयवासीको हेमराज कार्कीले बताउनुभयो ।

स्थानीय तथा टोलस्तरमा हुने सामाजिकलाई कार्यलाई सहज रूपमा सञ्चालन गर्ने लक्ष्यले चार वटा टोल विकास संस्थाको भवन निर्माण गरिएको हतुवागढी-२ का वडाध्यक्ष विचारी थापाले बताउनुभयो । भवन निर्माणसँगै टोलस्तरका भेला, वैठक तथा समाजिककार्य सञ्चालनको लागि सहजता थपेको उहाँले बताउनुभयो ।

"नागरिकलाई सहज रूपमा बैठक भेला सञ्चालन गर्ने वातावरण बनाउनको लागि टोल भवन निर्माण गरेका छौं" वडाध्यक्ष थापाले भन्नुभयो, "भवन निर्माणले नागरिक उत्साहित भएका छन् ।"

आगामी दिनमा यी भवनलाई बहुउपयोगी बनाउँदै सीपमूलक तालिम, आयआर्जन कार्यक्रम, बालबालिका तथा युवाका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने योजनासमेत रहेको जनाइएको छ ।

यस किसिमका सामुदायिक भवन निर्माणले ग्रामीण क्षेत्रमा स्थानीय विकासलाई गतिशील बनाउँदै आत्मनिर्भरता र सशक्तीकरणतर्फ अग्रसर गराउने स्थानीबासीले बताएका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यो वडामा ५८४ परिवारको बसोबास रहेको छ भने कुल जनसङ्ख्या २,४९३ रहेको छ । जसमध्ये १,२२२ पुरुष र १,२७२ महिला रहेका छन् । रासस

# हस्तकलाका सामग्री बनाएर ९० महिला स्वरोजगार



टीकापुर । कैलालीको टीकापुर र भजनीको थापापुरमा गुडिया, जनावरका आकृति बनाएर ९० बढी महिला स्वरोजगार भएका छन् ।

महिलाहरूले साँझ विहान घरको काम गरेर दिउँसोको समयमा हातले गुडिया, विभिन्न जनावरका आकृति बनाएर मासिक रु १० हजारदेखि २० हजारसम्म कमाउन थालेका छन् ।

कैलालीको भजनी-६ थापापुरका जनक चौधरीले ह्यान्डी काफ्ट उद्योग सञ्चालन गर्नुभएको छ । एक वर्ष काठमाडौँमा काम सिक्नुभएका जनकले गत वर्ष टीकापुर र थापापुरमा उद्योग खोल्नुभएको हो । जनक र उहाँका मामा मिलेर सञ्चालन गरेको उद्योगका लागि आवश्यक कच्चापदार्थ विदेशबाट झिकाउँदै आउनुभएको छ । "धागो, ऊन, सियो, म्याटलगायत केही सामग्री यही स्वदेशमै पाइन्छ", उहाँ भन्नुहुन्छ, "केही सामग्री व्यापारीको सहयोगमा विदेशबाट समेत मगाउने गरिएको छ ।"

यहाँ हात्ती, भेडा, एन्जल परी, स्पट परी, कुकुरलगायतका जनावर र चराका आकृति बनाइएका छन् । यी सामग्री झोला, बस, कारका अघि झुन्ड्याउन प्रयोग हुने गर्दछन् । यी सामग्री बनाउन सिलाई र सरसफाइ कार्यमा टीकापुरमा मात्रै ६० र थापापुरमा ३० महिला काम गरिरहेका छन् । अझै कामदार महिलाको अभाव भएको जनकको भनाइ छ । उद्योगमा रु २० लाख लगानी गरिएको छ । "माग पुर्‍याउन सकिएको छैन, हामीले सयौं महिलालाई रोजगारी दिने योजना बनाएका छौं, खेतीपातिको समयमा कामदार अभाव हुन्छ", उहाँले भन्नुभयो, "काम गर्न चाहने महिला सबैले रोजगारी पाउने छन् ।"

विभिन्न आकर्षक खालका ह्यान्डीक्राफ्ट देशका विभिन्न सहरसहित विदेश निर्यात हुने गरेका बताइएको छ । यहाँ काम गर्ने कतिपय महिलाहरूले दिनभरि उद्योगमै बसेर काम गर्छन् भने कतिपयले घरमा लगेरसमेत सामग्री निर्माण गर्ने गरेका छन् । महिलाले कामअनुसार आम्दानी लिने गरेका छन् ।

फुर्सदको समयलाई सदुपयोग गर्दै काम गर्न मिल्ने र आम्दानी पनि हुने गरेकाले सहज भएको गौलौरीकी राममती चौधरीले बताउनुभयो । घरको काम भ्याएर आउने गरेको र महिनामा रु १५ हजारसम्म आम्दानी गर्दै आएको उहाँ बताउनुहुन्छ । "पहिला ज्यालादारीको काम गर्थे, टीकापुरमै उद्योग खुलेको छ भन्ने जानकारी पाएपछि काम खोज्न आए, अहिले सहज भएको छ", राममतीले भन्नुभयो, "घरको काम पनि भ्याउने, फुर्सदमा कमाइ पनि हुने, एक/दुई घण्टामात्रै गर्छु भने पनि काम पाइन्छ ।"

अधिकांश महिलाहरू ज्यालादारी गर्नुभन्दा उद्योगभित्रै बसेर काम गर्न पाउँदा खुसी छन् । राधा चौधरीले पनि घरको काम भ्याएर, बच्चा विद्यालय छोडेर आउनुहुन्छ, महिनामा १० हजारसम्म कमाउनुहुन्छ । "बेरोजगार थिए, बच्चालाई विद्यालय छोडेपछि केही काम थिएन", उहाँले भन्नुभयो, "स्थानीय ठाउँमा उद्योग खुलेपछि हामीजस्ता महिलालाई काम र दाम दुवै पाइएको छ ।"

प्रतिमा चौधरीलाई पनि आफ्नै गाउँठाउँमा काम पाउँदा खुसी लागेको छ । काठमाडौँमा समेत काम गरेकी प्रतिमालाई आजभोलि घरमै बसेर काम गर्न सहज भएको छ । "म घर छाडेर पहिला यही काम काठमाडौँमा गर्थे, यहाँ उद्योग खोलेपछि यही फर्के", उहाँले भन्नुभयो, "दैनिक कामका आधारमा कमाइ हुन्छ, कहिलेकाहीँ दिनको रु एक हजारसम्म पनि कमाउने गरेकी छु ।"

महिलाहरू घरखर्च चलेको र आफूलाई अप्ठ्यारो परेका बेला आर्थिक समस्यासमेत टर्ने गरेकाले खुसी भएका छन् । यसरी स्थानीय महिलालाई रोजगारीका अवसर सिर्जना गर्ने गरी उद्योग सञ्चालन हुनु महिलाका लागि रोजगारीको अवसर भएको स्थानीय पवी रावलले बताउनुभयो । उहाँले महिलाहरू आयआर्जनमा जोडिएमा उनीहरूको जीवन समृद्ध बन्ने भएकाले महिलाले सीप सिक्नु र आयआर्जनका कार्यमा लाग्नुपर्ने बताउनुभयो । रासस

# भूमिहीनको प्रदर्शनमा नेकपा नेता श्रेष्ठ सहभागी

**टुडे समाचारदाता**

मलंगवा । राष्ट्रिय भूमि अधिकार मञ्च सर्लाही तथा भूमिहिन, सुकुम्बासी तथा अव्यवस्थित बसोबास संघर्ष समितिद्वारा सर्लाहीको बागमतीमा आयोजित विरोध प्रदर्शनमा नेपाली कम्युनिष्ट पार्टीका नेता नारायणकाजी श्रेष्ठ सहभागी भएका छन् ।



भूमि तथा आवास अधिकारको माग गर्दै बागमती नगरपालिकामा आयोजित वृहत् र्‍याली तथा सभामा सहभागितासहित संक्षिप्त सम्बोधन गर्दै श्रेष्ठले आन्दोलनप्रति ऐक्यबद्धता जनाएका हुन् । पानी परेपनि सयौंको संख्यामा उपस्थित भएका सर्बसाधारणले बागमतीको पुतली चोकबाट फुटबल मैदानसम्म विभिन्न नाराबाजी सहित र्‍याली प्रदर्शन गरेका छन् ।

सागरनाथ वन विकास परियोजनाको जमिन लगायत विभिन्न क्षेत्रमा वास्तविक सुकुम्बासी भन्दापनि अन्यत्र समेत पर्याप्त घर तथा जग्गा जमिन भएका 'हुकुम्बासी' हरुले अतिक्रमण गरेको चर्चा विगत लामो समयदेखि बहसको विषय बनिरहेको छ । सागरनाथको जमिनमा अन्यत्र एक टुक्रापनि जमिन नभई बसोबास गर्ने परिवार अत्यन्त न्यून रहेको चर्चा चल्दै आएको थियो ।

उनले शुक्रबार बागमती नगरपालिकाका विभिन्न वडा वस्तीहरुमा पुगेर मतदातासँग संवादसहित अन्तरक्रिया गरेको र शनिबार बरहथवा नगरपालिका तथा आइतबार हरिवन नगरपालिकाका विभिन्न वडा तथा बस्तीमा पुगेर स्थानीय जनतासँग भेटघाट तथा अन्तरक्रिया गर्ने कार्यक्रम रहेको पार्टीले जनाएको छ ।

नेता श्रेष्ठले निर्वाचनमा हार-जित जे भए पनि आफू सधैं सर्लाहीका जनताको साथमा रहने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले क्षेत्रबासी जनताको समस्या बुझ्न, सुझाव लिन तथा प्रत्यक्ष संवाद गर्न नियमित रूपमा सर्लाही आउने बताउँदै आएका छन् ।

# रास्वपा सांसदको घर भत्काइने

**सांसद धिमाल त्यो घर आफै भत्काउंछन वा डोजर लगाइन्छ भन्ने प्रश्न सामाजिक सञ्जालमा जोडतोडका साथ उठिरहेको छ । अरुको घर भत्काउने सरकारका आफ्नै सांसदको घर किन भत्काउंदैनन भन्ने आवाज उठिरहेको छ ।**

**टुडे समाचारदाता**


जनकपुरधाम । सरकारले ऐलानी, पर्ती र गुठी सहितका सार्वजनिक जग्गा खाली गराइरहेको क्रममा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कै सांसदहरुको घर ऐलानी पर्ती जग्गामा रहेको पाइएको छ ।

पर्यटनमन्त्री गणेश पौडेलले पोखरामा र सांसद केपी खनालले कैलालीको ऐलानी जग्गामा घर बनाएको विषयले सामाजिक सञ्जाल तातिरहेको बेला सोही पार्टीका अर्का सांसद बारा क्षेत्र नम्बर १ का सांसद गणेश धिमालले कोल्हबी नगरपालिकाको वडा नम्बर १ स्थित ऐलानी जग्गामा घर बनाएको पाइएको हो ।

मेयर रामप्रसाद चौधरीका अनुसार पनि धिमालको घर भएको ठाउँ कुनै बेला सार्वजनिक जग्गा थियो । धिमालले घर बनाएको दुईतल्ले घर जग्गा पञ्चायत कालभन्दा अघिसम्म सार्वजनिक जग्गा रहेको थियो । सांसदसँगै सो कोल्हवी बजारमा ४०/५० घर ऐलानी पर्तीमा रहेको छ ।

'इतिहास हेर्ने हो भने अहिले बजार बनेको त्यो ठाउँ सार्वजनिक जग्गा नै थियो', मेयर चौधरीले भने, 'पञ्चायतकालमा मुखियाहरुको परिवारले कब्जा गरेर निजी बनाए, अहिले त्यसैले निरन्तरता पाइरहेको छ, अब बजार बनिसक्यो, उहाँ (धिमाल)हरुले अब के छाड्नुहुन्थ्यो र !





सांसद धिमाल त्यो घर आफै भत्काउंछन वा डोजर लगाइन्छ भन्ने प्रश्न सामाजिक सञ्जालमा जोडतोडका साथ उठिरहेको छ । अरुको घर भत्काउने सरकारका आफ्नै सांसदको घर किन भत्काउंदैनन भन्ने आवाज उठिरहेको छ ।

यसैबीच सांसद धिमालले पनि आफ्नो सार्वजनिक ऐलानी जग्गामा रहेको स्वीकार गरेका छ्न । उनले भने मेरो घर आज होइन करीब ४० वर्ष अगाडि नै बनेको हो । त्यो बेला कोल्हवी बजारका जग्गा ऐलानी नै थियो । बजार ऐलानी जग्गामै लाग्दै आएको थियो ।

उनले थप्दै भने कानून भन्दा माथि कोही छैन । सरकारले यदि यस क्षेत्रको सबैको घर भत्काउंछन भने मेरो घर पनि भत्काईन्छ । यसमा मेरो कुनै अवरोध हुँदैन । बरु सरकारलाई सहज हुने वातावरण निर्माण गर्न म तयार छु ।

हुनत दुई दिनअघि सर्वोच्च अदालतले वैकल्पिक व्यवस्था नगरीकन कसैको घर नभत्काउनु भन्ने सरकारलाई आदेश दिइसकेको छ । सो आदेशपछि बालेन्द्र साह नेतृत्वको सरकारले घर टहरा भत्काउने काम अहिले रोकेको बुझिएको छ । तर पालिकाहरु अझै अदालतको आदेशलाई बेवास्ता गर्दै घर तोड्नमा तल्लिन छन् ।

# हत्या अनुसन्धानमा तीन पक्राउ

**टुडे समाचारदाता**

बारा । बाराको निजगढ नगरपालिका-९ स्थित गुरुङ होटलमा एक युवती मृत अवस्थामा फेला परेपछि प्रहरीले हत्या आशंकामा तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुवँरका अनुसार निजगढ नगरपालिका-१२, कोलगाउँ निवासी १९ वर्षीया सीता थिङ होटलको कोठाभित्र अचेत अवस्थामा फेला परेको थियो ।

उनलाई उपचारका लागि राति करिब ११ बजे निजगढ सामुदायिक अस्पताल पुर्‍याइएको भए पनि चिकित्सकले मृत घोषणा गरेका थिए । प्रहरीले प्रारम्भिक अनुसन्धानका क्रममा युवतीको घाँटी थिचेर हत्या गरिएको हुन सक्ने आशंका गरेको जनाएको छ ।

घटनापछि होटलमा उनीसँगै बसेका दुई पुरुष र एक महिलालाई नियन्त्रणमा लिएर सोधपुछ भइरहेको प्रहरीले जनाएको छ । पक्राउ परेकाको परिचय अनुसन्धान प्रभावित हुन सक्ने भन्दै सार्वजनिक गरिएको छैन ।

घटनास्थलबाट आवश्यक प्रमाण संकलन गरिएको र शव पोस्टमार्टमका लागि तयारी अवस्थामा राखिएको इलाका प्रहरी कार्यालय निजगढले जनाएको छ ।

# स्वास्थ्यमन्त्रीको राजीनामा माग्दै प्रदर्शन



**टुडे समाचारदाता**

जनकपुरधाम । स्वास्थ्यमन्त्री निशा मेहता को राजीनामा माग गर्दै जनकपुरधाममा स्वास्थ्यकर्मीहरूले विरोध प्रदर्शन गरेका छन् ।

शनिबार धनुषाका विभिन्न सरकारी तथा निजी अस्पतालमा कार्यरत हेल्थ असिस्टेन्ट, अनमी, ल्याब असिस्टेन्ट लगायत स्वास्थ्यकर्मीहरूले मन्त्री मेहताविरुद्ध प्रदर्शन गरेका हुन् ।

प्रदर्शनकारीहरूले 'स्वास्थ्य मन्त्री मुर्दावाद', 'निशा मेहता राजीनामा दे', 'हेपाइ होइन अधिकार चाहिन्छ', 'स्वास्थ्य क्षेत्रको विभेद बन्द गर' तथा 'स्वास्थ्यकर्मीको अपमान बन्द गर' जस्ता नारासहित जनकपुरधामका विभिन्न चोकमा र्‍याली निकालेका थिए ।

स्वास्थ्यकर्मीहरूले सरकारले दुई दिनअघि स्वास्थ्य क्षेत्रमा ठूलो संख्यामा दरबन्दी आह्वान गरे पनि हेल्थ असिस्टेन्ट, ल्याब, रेडियो, सिएमएलगायत पदमा कुनै दरबन्दी नखोलिएको भन्दै असन्तुष्टि जनाएका छन् ।

स्वास्थ्यकर्मी नवेश अधिकारी ले ३५ वर्षपछि स्वास्थ्य क्षेत्रमा दरबन्दी खुलाउँदा पनि हेल्थ असिस्टेन्टलगायतका पदमा शून्य दरबन्दी राखिनु विभेदपूर्ण भएको आरोप लगाए । उनले नर्सिङ र डाक्टरबाहेक अन्य स्वास्थ्यकर्मीका लागि अवसर नखुलाउनु देशमा ती जनशक्तिको आवश्यकता नै छैन भन्ने सन्देश दिने खालको भएको बताए । उनका अनुसार नेपालमा प्रत्येक वर्ष ५ हजार ३ सयभन्दा बढी स्वास्थ्यकर्मी उत्पादन भए पनि उनीहरूका लागि सरकारी दरबन्दी नखुल्ने अवस्था रहेको छ ।

सरकारले दुई दिनभित्र निर्णय नसच्याए आगामी सोमबार काठमाडौंमा वृहत आन्दोलन गर्ने चेतावनी दिँदै स्वास्थ्यमन्त्री मेहताले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने मागसमेत उनीहरूले गरेका छन् ।

# अफिमसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

बारा । बारा जिल्लासंग जोडिएको भारत-नेपाल सीमावर्ती क्षेत्रमा संयुक्त सुरक्षा अपरेशनका क्रममा नेपालबाट भारततर्फ तस्करी हुँदै गरेको करिब डेढकिलो अफिमसहित दुई जनालाई पक्राउ गरिएको छ । थाना अन्तर्गत अठमोहान वडा ८ निवासी अन्दाजी ५० वर्षीया सुदामी देवी र छौँरादानो ब्लक अन्तर्गत दरपा थाना क्षेत्रको पिपरा गाउँ निवासी दिलीप कुमार राम रहेको एसएसबि मुख्यालय पिपराकोठीका सहायक कमान्डेन्ट बिश्वजित तिवारीले



भारतको मोतिहारीस्थित एसएसबी ७१ औँ बटालियनको इन्टेलिजेन्स सेटअपबाट प्राप्त सूचनाको आधारमा शुक्रवार साँझ करिब ६:२३ बजे संयुक्त अपरेशन सञ्चालन गरिएको थियो। उक्त अपरेशनमा 'ई' कम्पनी बीओपी जमुनिया, ७१ बटालियन एसएसबी मोतिहारी र बिहार प्रहरीको संयुक्त टोली सहभागी रहेको थियो ।

संयुक्त टोलीले घोडासहन नजिकैबाट १किलो.४८० ग्राम अफिम एउटा मोटोरोला जी-१३ मोबाइल फोन तथा दुई जनालाई नियन्त्रणमा लिएको जनाएको छ । पक्राउ पर्नेमा पूर्वी चम्पारण जिल्लाको झरोखर बताएका छन् ।

बरामद मोबाइलको दुईवटा आईएमईआई नम्बर पनि प्रहरीले सार्वजनिक गरेको छ । एसएसबीका प्रवक्ता बिनित कुमार सिंहका अनुसार बरामद सामग्री घोडासहन क्षेत्रबाट नियन्त्रणमा लिइएको हो, जुन भारत-नेपाल सीमास्तम्भ नम्बर ३५७/०३ बाट करिब ८ किलोमिटर भारतीय भूभागभित्र पर्दछ ।

प्रारम्भिक अनुसन्धानमा उक्त अफिम नेपालबाट भारततर्फ तस्करी गरिएको खुल्न आएको छ । बरामद सामग्री तथा पक्राउ परेका दुवै जनालाई थप अनुसन्धानका लागि घोडासहन प्रहरी स्टेशनमा बुझाईएको छ ।

# फरार १४ प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

राजविराज । विभिन्न मुद्दाका फरार १४ जना प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ । प्रहरीले अभद्र व्यवहार मुद्दामा तीन, मुद्रासम्बन्धी कसुरमा दुई तथा अदालतबाट कैद सजाय र जरिवाना तोकेपछि कुटपिट मुद्दामा फरार पाँच जना, मोबाइल चोरीका एक जना, लागुऔषध मुद्दाका एक जना र दुई जना आपराधिक उपद्रव मुद्दाका सहित १४ जना प्रतिवादी पक्राउ गरेको प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिएका छन् ।




आइतबार राति राजविराज नगरपालिका-९ क्षेत्रमा गस्तीमा रहेको प्रहरी टोलीसँग अभद्र व्यवहार गरेको आरोपमा हनुमाननगर कङ्कालिनी नगरपालिका-१ निवासी २१ वर्षीय आदित्य पाण्डेलाई पक्राउ गरिएको छ ।

घाइते अवस्थामा भेटिएका उनलाई सोधपुछ गर्दा प्रहरीमाथि अश्लील शब्द प्रयोग गर्दै गालीगलौज गरेपछि पक्राउ गरी जिल्ला प्रशासन कार्यालय सप्तरीबाट पाँच दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको पुरीले जानकारी दिए ।

राजविराज नगरपालिका-६ स्थित नेता चोकमा सडकमा होहल्ला गरिरहेको अवस्थामा भेटिएका जिल्लाको विष्णुपुर गाउँपालिका-६ निवासी १२ वर्षीय संजिव साह र सुनसरी बरजू गाउँपालिका-५ निवासी २६ वर्षीय शिवनारायण पण्डितलाई पनि अभद्र व्यवहार मुद्दामा पक्राउ गरिएको उनको भनाइ छ ।

उनका अनुसार सम्झाइबुझाइ गर्दा उनीहरूले प्रहरीमाथि हातपात गर्न खोज्दा पक्राउ गरेका थिए ।दुवै जनामाथि पनि जिल्ला प्रशासन कार्यालय सप्तरीबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । त्यसैगरी मुद्रासम्बन्धी कसुरमा हनुमाननगर कंकालिनी नगरपालिका-११, सखुवा टोल निवासी २२ वर्षीय विवेककुमार पण्डित र सोही स्थानका २२ वर्षीय सचिनकुमार यादव पक्राउ परेका छन् ।

सोही नपाको वार्ड नं.१४ मल्हनिया क्षेत्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेको मधेश प्रदेश ०६-००१ प. ०९९५ नम्बरको रोयल इनफिल्ड मोटरसाइकलमा सवार उनीहरूको साथबाट एक हजार दरका सात थान नेपाली जाली नोट बरामद भएपछि पक्राउ गरिएको हो । पक्राउ परेकामाथि जिल्ला अदालत सप्तरीबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

यसैबिच, फैसला कार्यान्वयनका क्रममा सप्तरी जिल्ला अदालतबाट विभिन्न मुद्दामा सजाय तथा जरिवाना तोकिएपछि फरार रहेका डाक्नेश्वरी नगरपालिका-३ निवासी सबदलाल मुखिया, शम्भुकुमार मुखिया र संतोषीदेवी मुखियालाई पक्राउ गरिएको छ ।

उनीहरू कुटपिट मुद्दामा दोषी ठहर भई जनही पाँच सय रुपियाँ जरिवाना र पाँच सय रुपियाँ क्षतिपूर्ति तिर्नुपर्ने फैसलापछि फरार भएका थिए । त्यसैगरी साविक कबिलासा गाविस-९ हाल डाक्नेश्वरी नगरपालिका-१ निवासी भुपेन्द्र साह र विनोद साहलाई लुटपाट तथा कुटपिट मुद्दामा पक्राउ गरिएको छ ।

तिनीहरुलाई जनही ११० रुपियाँ जरिवाना तोकिएको थियो । त्यस्तै पक्राउ परेका शम्भुनाथ नगरपालिका-१२ निवासी दिनेशप्रसाद साहमाथि मोबाइल चोरी मुद्दामा दुई सय रुपियाँ जरिवाना तोकिए छन भने राजविराज नगरपालिका-१ निवासी महेशप्रसाद यादव लागुऔषध मुद्दामा दुई दिन कैद सजाय पाएका फरार प्रतिवादी रहेको प्रहरीले जनाएको छ ।

# लागू औषधविरुद्ध २६ मुद्दा दर्ता

**टुडे समाचारदाता**

रौतहट । लागूऔषध दुर्व्यसन नियन्त्रण गर्न जिल्ला प्रहरी कार्यालय रौतहटले "लागूऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान" सुरु गरेको छ ।

प्रहरीले चालु आर्थिक वर्ष २०८२/०८३ मा लागूऔषध कारोबारसम्बन्धी मुद्दामा २६ जनाविरुद्ध मुद्दा दर्ता गर्दै ६३ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याइसकेको जनाएको छ ।

शुक्रबार सदरमुकाम गौरमा आयोजित विशेष कार्यक्रममार्फत अभियानको औपचारिक शुभारम्भ गर्दै जिल्ला प्रहरी प्रमुख एसपी सीताराम रिजालले लागुऔषध समस्या केवल पक्राउ र कारबाहीबाट समाधान नहुने बताएका छन् । उनले खोज, परामर्श, उपचार र पुनःस्थापनालाई सँगसँगै अघि बढाउन आवश्यक रहेको उल्लेख गरे ।

"लागूऔषध दुर्व्यसन कानुनी विषय मात्र होइन, यो सामाजिक, पारिवारिक र स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको जटिल समस्या हो," एसपी रिजालले भने, "सेवनकर्तालाई अपराधीका रूपमा




होइन, सुधार आवश्यक व्यक्तिका रूपमा हेर्नुपर्छ ।"

प्रहरीका अनुसार सीमावर्ती क्षेत्र हुँदै लागुऔषध ओसारपसार बढ्दै गएको छ भने बेरोजगारी, कमजोर पारिवारिक निगरानी, सीमापार सहज आवतजावत तथा साथीहरूको प्रभावका कारण किशोर तथा युवा वर्ग दुर्व्यसनतर्फ आकर्षित भइरहेको देखिएको छ ।

अभियान अन्तर्गत जिल्लाका सबै स्थानीय तहमा पुगेर लागुऔषध सेवनकर्ताको पहिचान, तथ्यांक संकलन, परामर्श सेवा, सचेतनामूलक कार्यक्रम तथा आवश्यक परे उपचार र पुनःस्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय गरिने प्रहरीले जनाएको छ। यसका लागि स्थानीय तह, जनप्रतिनिधि, स्वास्थ्य संस्था, अभिभावक तथा सामाजिक संघसंस्थासँग सहकार्य गरिनेछ । प्रहरीले परिवार र समुदायको साथबिना अभियान सफल हुन नसक्ने बताउँदै सामाजिक सहभागितामा आधारित सुधारमुखी रणनीति अघि सारेको छ ।

यसैबीच, "विद्यालय सम्पर्क कार्यक्रम-२०८२" अन्तर्गत यमुनामाई गाउँपालिका-१ चिकना जेठरहियास्थित श्री माध्यमिक विद्यालयमा सचेतनामूलक प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहट अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र गरुडाको आयोजनामा सम्पन्न कार्यक्रममा विद्यालयका प्रधानाध्यापक देवेन्द्र यादवको अध्यक्षता रहेको थियो । कार्यक्रममा कक्षा ९, १० र ११ मा अध्ययनरत विद्यार्थी, शिक्षक तथा कर्मचारी गरी ९१ जनाको सहभागिता रहेको प्रहरीले जनाएको छ ।

महिला सेल गरुडाकी प्रमुख सई दीपिका ओझाले जबरजस्ती करणी, घरेलु हिंसा, बालविवाह, बालश्रम शोषण, मानव बेचबिखन, बाल यौन दुर्व्यवहार, जातीय छुवाछुत, दाइजो प्रथा, साइबर अपराध, लागुऔषध तथा यौनजन्य हिंसासम्बन्धी विषयमा प्रशिक्षण दिएकी थिइन् ।

# नवग्रह रुखको रोपण

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा नवग्रह वृक्षको रोपण गरिएको छ । जनकपुरधाममा शनिबार मालपोत कार्यालयको पछाडितर्फ रहेको हनुमान चोकमा नवग्रहका दर्जनभन्दा बढी विभिन्न वृक्ष रोपिएको जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ का पूर्ववडाध्यक्ष सुदर्शन सिंहले जानकारी दिए ।

पूर्ववडाध्यक्ष सिंहले नयाँ घरको पूजनको क्रममा वा पूजाअर्चनाका बेला नवग्रहका विभिन्न रुखको पातको आवश्यकता अनुसार जनकपुरधाममा पाउनै निकै समस्या भइरहदाँ नवग्रहका वृक्षको रोपण गरिएको बताए । अब पूजाआजाका लागि चाहिने ती नवग्रहका रुखको पातहरु केही वर्षपछि यही रुखबाट समेत लान सहज हुने उनको भनाइ छ । तर यसका लागि वृक्षारोपण पनि गर्नका लागि उनले सबैमा आग्रह गरे ।



त्यस्तै जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले घरको पूजाआजाका लागि नै महत्व रहेको नवग्रहका वृक्षको रोपण पनि हुनु जरुरी रहेको बताए ।

पूर्ववडाध्यक्ष सिंहको पहलमा भएको वृक्षारोपणको क्रममा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साह, पूर्ववन अधिकारी सुरेश शर्मा लगायतकाहरुले समेत नवग्रहका विभिन्न रुखको रोपण गरेका थिए ।

लागुऔषध
साथी लोभ्याउँछ एकचोटी,
पछि तिमी खान्छौ आफै कति चोटी
दृढ बनौ, इन्कार गरौं,
दुर्व्यसनबाट टाढा रहौं ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८